# संविधानसभा र निर्वाचन प्रणालीको सान्दर्भिकता

नीलम संग्रौला

काठमाडौं स्कुल अफ ल काठमाडौं

विषय प्रवेश :

मुलुक यतिबेला संविधानसभा मय बनेको छ । अथवा यसो भनौं कि मुलुक संविधानसभाको संघारमा उभिएको छ । त्यो संविधानसभा जसले राज्यका नागरिकहरुले आत्मसाथ गरेका मुल्य मान्यताहरुलाई सही अर्थमा ग्रहण गरी कानूनी दस्तावेजको रुपमा चित्रित गर्न सकोस । यस अर्थमा संविधान सभाको मुल मर्म भनेकै सही संविधानको आलेख हो । अनि मानिसको जीवन पद्दतिसँग प्रत्यक्ष सरोकार राख्ने दस्तावेज हो । किनभने संविधानले बोकेको आधारभूत मान्यताहरुले नै मानिसको जीवन पद्दतिलाई निर्धारण गरी रहेको हुन्छ (संग्रौला, २०६३) । त्यसैले मानिसका सामाजिक राजनीतिक, साँस्कृतिक अनि आर्थिक पक्षको पक्षपोषण गर्ने संविधानसभाको निर्वाचनमा राज्यका हरेक नागरिकहरुको बेजोड सहभागिताका साथसाथै सबै वैध मतहरुको समान मूल्य हुनुपर्दछ अनिमात्र संविधानसभाको औचित्यलाई पुष्टि गर्न सकिन्छ ।

निर्वाचन प्रणालीको इतिहासतिर ध्यान खिच्ने हो भने सर्वप्रथम ५०० इ.सा पूर्व तिर ग्रिसमा क्लिथेन्स (Cleisthenes) ले यसको प्रयोग गरेका थिए । तर यो प्रतिनिधि छान्ने निर्वाचन नभई कुन राजनीतिज्ञलाई निर्वासनमा पठाउने हो भन्ने तर्फ केन्द्रित थियो । यसका लागि प्रत्येक वर्ष जनताहरुलाई कुन राजनीतिज्ञलाई दश वर्षका लागि निर्वासनमा पठाउने हो निर्वाचनको माध्यमबाट सोधिन्थ्यो । अनि उनिहरुले फुटेका माटाका भाडाहरुमा (Ostraka) राजनीतिज्ञहरुको नाम लेख्दथे । यदि कुनैपनि राजनीतिज्ञले ६,००० भन्दा वेशी मत पाएनन् भने स्वदेशमानै बस्न योग्य ठानिन्थ्यो । तर यदि उनीहरुमध्ये कसैले ६,००० भन्दा वेशी मत पाए भने निर्वासनमा पठाइन्थ्यो (J.J. O'connor / E.F. Robertson, 2006) । यसबाट सुसासनको अवधारणा त्यस बेला पनि रहेको थाहा पाउन सकिन्छ । किनभने ६,००० भन्दा वेशी मतले राजनीतिज्ञको लोकप्रियतालाई इंगित गर्ने नभई उनीहरुको जनता माझ अलोकप्रियताको स्थिति देखाउदथ्यो । यहाँ विचारणीय पक्ष के पाइन्छ भने यो सर्सर्ति हेर्दा चुनावको नकारात्मक प्रकार जस्तै देखिए पनि

एक किसिमको असल प्रतिनिधि चयन गर्ने प्रणाली थियो । यसले नेताहरुलाई जनता र राज्यप्रति निष्ठावान हुन प्रेरित गर्दथ्यो ।

प्रतिनिधिमुलक प्रजातन्त्रमा जनताको सबैभन्दा ठूलो राजनीतिक अधिकार भनेको मताधिकार ( Franchise) हो । एउटा प्रजातान्त्रिक मुलुकमा शासनको वैधता तव हुन्छ जव निर्वाचित प्रतिनिधिहरु शासन व्यवस्थामा पुग्दछन् । शासनको सर्वोच्च तहमा पुगेकाहरुलाई सडकमा ल्याउने र सडकमा भएकाहरुलाई शासन व्यवस्था पुऱ्याउने काम निर्वाचनकै माध्यमबाट हुने गर्दछ । त्यसकारण निर्वाचनलाई नागरिकहरुको नैसर्गिक अधिकार मात्र नबनाएर यसलाई बाध्यात्मकारी बनाइनु पर्दछ । जवसम्म निर्वाचनलाई नागरिकहरुको मौलिक अधिकारको रुपमा मात्र हेरिन्छ तवसम्म शासकहरु नागरिकहरु र राज्यप्रति निष्ठावन रहदैनन् । तर जव निर्वाचनलाई नागरिकहरुको अधिकारका साथसाथै यसलाई बाध्यात्मकारी बनाइन्छ तव निर्वाचित जन प्रतिनिधिहरु राज्य र नागरिकहरु प्रति उत्तरदायि हुन्छन अथवा यसो भनौं कि उत्तरदायि नभई सुखनै रहदैन । यसको मतलव सबै मतहरुले जनतालाई राज्यको शक्ति नियन्त्रण गर्ने साधन प्रदान गर्दछ । यस अर्थमा निर्वाचन प्रणाली राज्यको शक्तिलाई प्रजातान्त्रिक चरित्रमा ढाल्ने एक अत्यन्तै प्रभावकारी माध्यम वा साधन हो । त्यसैले निर्वाचनलाई हामी जति सुगम, निर्भिक, वस्तुनिष्ठ अनि भयमुक्त बनाउँदछौं त्यतिनै जनतालाई असल प्रजातन्त्रको प्रत्याभूति प्रदान गर्न सक्दछौं । किनभने प्रजातन्त्र र निर्वाचन प्रणालीको जहिल्यैपनि सोझो सम्बन्ध रहेको हुन्छ । अथवा यसो भनौं कि जुन निर्वाचन प्रणालीमा नागरिकहरुलाई विचार, दल, उम्मेदवारहरुमा छनौटको सुविधा हुँदैन त्यो निर्वाचन प्रणाली प्रजातान्त्रिक कहलाउँदैन । त्यसैले प्रजातन्त्रलाई सजिव तुल्याने काम निर्वाचन प्रणालीले नै गर्दछ । त्यसकारण निर्वाचनलाई नागरिक अधिकारको रुपमा मात्र ग्रहण गरेमा जति मतदानको अपेक्षा गरिएको हो त्यति नहुने देखिन्छ । वितेका वर्षका चुनावी तथ्यांकहरुले पनि यसको पुष्टि गर्दछ । किनभने वि.सं. २०४८ को निर्वाचनमा ६५.१५ प्रतिशत, २०५१ को निर्वाचनमा ६१.६८ प्रतिशत र २०५६ को निर्वाचनमा ६५.७९ प्रतिशत मात्र मतदान भएको देखिन्छ (निर्वाचन आयोग)। यदि निर्वाचनलाई मौलिक रुपमा राजनीतिक सहभागिता मान्ने हो भने निर्वाचनमा सत प्रतिशत मतदान हुन जरुरी हुन्छ । तर जव न्यून मतदान हुन्छ प्रजातन्त्रको उपभोग समान रुपले सबै वर्गीय सम्प्रदायले गर्न नसकेको आभाष पाउन सकिन्छ । यसको उदाहरणको रुपमा हेर्दा २०४८ देखि ०५१ विचको मतदाताको बृद्धि १०.१५ प्रतिशत रहेको थियो भने २०५१ देखि ०५६ विचमा मतदाताको बृद्धि घटेर ९.६७ प्रतिशत पुगेको पाउन सकिन्छ ( निर्वाचन आयोग) । विशेषगरी निर्वाचनमा आफ्नो मत जाहेर नगर्नु र प्रजातन्त्रको उपभोगको

अनुपात विच विपरीत सम्बन्ध रहेको हुन्छ । त्यसैले निर्वाचन प्रणालीलाई राजनीतिकै उप प्रणाली (sub system) को रुपमा हेरिनु पर्ने जरुरी छ अनिमात्र प्रजातन्त्र पूर्ण रुपमा संस्थागत हुन सक्दछ ।

निर्वाचन प्रणाली जति प्रतिनिधिमुलक हुन्छ त्यतिनै प्रजातन्त्र दिगो बन्न सक्दछ अनि दिगो प्रजातन्त्र नै स्वच्छ र स्वतन्त्र निर्वाचन प्रणालीको आधार हो ।

यसरी हेर्दा प्रतिनिधिमुलक प्रजातन्त्रमा निर्वाचनको महत्वलाई निम्न कुराहरुले प्रष्ट पार्न सकिन्छ ।

१. प्रतिनिधिमुलक प्रजातन्त्रको आधार निर्वाचन हो । निर्वाचनद्वारा जन प्रतिनिधिहरु छानिने भएको हुँदा यसलाई प्रजातन्त्रको आधार मानिएको हो । जहाँ निर्वाचनलाई राज्यले पहिलो छनौटको विषयवस्तुको रुपमा लिदैन त्यहाँ शासन व्यवस्था निरंकुश रहेको पाउँन सकिन्छ । उदाहरणको लागि नेपालमा राणा शासनको अवधि र वि.सं. २०१७ देखि २०४३ सम्मको राजसंस्थालाई लिन सकिन्छ ।

२. निर्वाचित प्रतिनिधिहरु उनीहरुको क्रियाकलाप प्रति उत्तरदायि हुन्छन भन्ने मान्यता राखिन्छ । निर्वाचनबाट निर्वाचित जन प्रतिनिधिहरु आफुलाई दिएको काम प्रति पूर्ण रुपमा बफादार हुन्छन भन्ने मान्यता राखिन्छ । निर्वाचनबाट निर्वाचित जन प्रतिनिधिहरु आफुलाई दिएको काम प्रति पूर्ण रुपमा वफादार हुन्छन, मतदाताले दिएको मतको सहि उपयोग गर्दछन् भन्ने मान्यता राखिएको हुन्छ । यदी उनीहरुले आफूहरुलाई जनताले दिएको कार्यभारको मूल्यबोध गर्न सकेनन् भने जनताले त्यो प्रतिनिधिलाई गलहत्याउने अधिकार पनि ग्रहण गरेका हुन्छन् । तर मतदानको समयमा मतदाताले कहिल्यै पनि आफ्नो मतको अवमूल्यन हुन्छ भन्ने कल्पना पनि गरेका हुँदैनन् । तर जव उनीहरु आफ्नो मतको अवमूल्यन भएको आभाष पाउँदछन् तव निर्वाचन नै यस्तो साधनको रुपमा देखा पर्दछ जसले मतदातालाई न्यायको प्रत्याभूति प्रदान गर्दछ ।

३. निर्वाचन मौलिक रुपमा राजनीतिक सहभागिता हो । निर्वाचन राजनीतिक सहभागिताको आधारभूत मान्यता हो । हुन त जनता कुनैपनि दलमा अनुवन्धित हुनु अथवा दलको सदस्य बन्नु, समाजमा रहेका कुनैपनि संगठनहरुको सदस्य बन्नु अथवा त्यसमा सक्रियता देखाउनु, कुनैपनि सरकार प्रति असन्तुष्टी जाहेर गर्नु, सरकारको विरोध गर्नु, सभा सम्मेलन गर्नु, कुनै पनि समुदायका विकासको लागि संघ संगठन खोल्नु आदि सबैलाई राजनीतिक सहभागिताकै रुपमा लिन सकिन्छ । यस्तो प्रक्रियाहरुमा समाजका केही वर्गको मात्र सहभागिता रहेको हुन्छ अथवा जनताको एक सानो हिस्साले मात्र सहभागिता जनाएको

हुन्छ । जहाँसम्म निर्वाचनको सवाल छ संवैधानिक रुपमा संस्थागत गरिएका सहभागिताहरु मध्ये यो सबैभन्दा ब्यापक रुपमा हुने सहभागिता हो ।

४. निर्वाचन राजनीतिक प्रणालीको वैधताको स्रोत हो । विधिको शासनको मुख्य कडी भनेको निर्वाचन हो । विना निर्वाचन विधिको शासनको परिकल्पना पनि गर्न सकिदैन । जहाँ निर्वाचनलाइ प्राथमिकताको स्थानमा राखिदैन, कुनैपनि राजनीतिक परिपाटीलाई वैधानिकता प्रदान गर्न सकिदैन । जहाँ निर्वाचन प्रणाली निश्तेज हुन्छ त्यहाँ जनताहरुको राजनीतिक अधिकार पनि कुण्ठीत हुन्छ र जहाँ जनताको राजनीतिक अधिकारलाई सशक्त पारिएको हुन्छ त्यहाँ निर्वाचन शासनको एक अभिन्न अंगको रुपमा रहेको हुन्छ । त्यसैले पनि निर्वाचन राजनीतिक नेतृत्वको वैधताको स्रोत हो । उदाहरणको लागि पञ्चायत कालमा निर्वाचनलाई प्राथमिकताको विषय बनाइएको थिएन वस्तुतः त्यसकाललाई वैधानिकता प्रदान गर्न सकिदैन साथसाथै त्यसबेला राजनीतिक क्रियाकलापहरु पनि निश्तेज रहेका थिए । त्यसकारण कुनैपनि राजनीतिक प्रणाली त्यतिबेला वैध हुन्छ जव निर्वाचन प्रणालीलाई राज्यले ग्रहण गर्दछ ।

प्रजातन्त्र एक आदर्श मान्यता हो जुन निर्वाचन प्रणालीको माध्यमबाट बहुमत जनताको भाग्य निर्धारण हुन्छ । धेरैका लागि निर्वाचन एक प्रकारको राजनीतिक सहभागिताको एक अवसर मात्र हुन सक्दछ तर प्रजातान्त्रिक समाजमा निर्वाचनले मतदाताहरुलाई त्यस राज्यका नागरिक बनाउन अत्यन्तै ठूलो भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले निर्वाचन प्रणालीलाई जनसाधारणहरुको दमित साथसाथै उजाग्रित इच्छा आकांक्षाहरुको परिपूर्ति गर्ने एक स्वच्छ साधनको रुपमा हेर्न जरुरी हुन्छ । यदि यसो नभएको खण्डमा प्रजातन्त्रनै खतरामा पर्न सक्ने सम्भावनालाई नकार्न सकिदैन ।

निर्वाचन प्रणाली संसार भरिनै छलफलको विषय रहेको कुरालाई ध्यानमा राख्दै यस लेखमा प्रतिनिधिमुलक राजनीतिक व्यवस्थामा प्रयोग भएका निर्वाचन प्रणालीहरुको चर्चा परिचर्चा गरिएको छ ।

निर्वाचन प्रणाली : प्रकारहरु

प्रतिनिधिमुलक प्रजातन्त्रमा प्रचलित रहेका निर्वाचन प्रणालीहरुलाई आधारभूत रुपमा तीन प्रकारमा विभाजन गर्न सकिन्छ ।

१. बहुलता/बहुमत प्रणाली (Plurality/Majoritarian System)

१.१ बहुलता प्रणाली (Plurality System)

(क) प्रथम हुने निर्वाचन प्रणाली (First Past The Post System)

(ख) ब्लकमत प्रणाली (Block Voting System)

(ग) दलिय ब्लकमत प्रणाली (Party Block Voting System )

१.२ बहुमत प्रणाली (Majoritarian System)

(क) दुई मतपत्र प्रणाली (Two Bollot System)

(ख) वैकल्पिक मत प्रणाली (Alternative Voting System)

२. समानुपातिक निर्वाचन प्रणाली (Proportional Election System)

(क) दलिय सूची प्रणाली (Party List System)

(ख) मिश्रित सदस्यी समानुपातिक निर्वाचन प्रणाली (Mixed-Member Proportional Voting System)

(ग) एकल संक्रमणीय मत प्रणाली (Single Transferane Voting System)

३. अर्ध समानुपातिक निर्वाचन प्रणाली (Semi Proportional Election System)

(क) एकल असंक्रमणीय मत प्रणाली (Single non- Transferable Voting System)

(ख) समानान्तर निर्वाचन प्रणाली (Parallel Voting System)

१. बहुलता प्रणाली (**Plurality Voting System**) : यस प्रकारको निर्वाचन प्रणालीमा चुनावी दौडमा उत्रिएका उम्मेदवारहरुमा जसले सबैभन्दा वेशी मत प्राप्त गर्न सक्दछ उसैलाई नै विजयी घोषित गरिन्छ । बढी मत प्रणालीलाई पनि निम्न तीन प्रकारमा बाढ्न सकिन्छ ।

(क) प्रथम हुने निर्वाचन प्रणाली (First Past The Post System) : यो प्रणाली अन्तर्गत सबैभन्दा वेशी मत प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषित गरिन्छ । यसरी विजयी घोषित गर्दा विजयी उम्मेदवारले पूर्ण बहुमत ल्याउनु पर्ने आवश्यकता पर्दैन । यो प्रणाली अन्तर्गत एक क्षेत्रको लागि एक स्थानको निर्वाचन हुन्छ । अथवा निर्वाचन क्षेत्र एक सदस्यीय हुन्छ । उदाहरणको लागि यदि कुनै जिल्लालाई ६ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ भने ६

स्थानकै लागि निर्वाचन गरिन्छ । यस्तो खालको निर्वाचन प्रणाली हाल बेलायत, संयुक्त राज्य अमेरिका, क्यानडा, भारत आदि देशहरुमा प्रचलित छ । नेपालमा पनि गएका तीन प्रतिनिधि सभाका लागि भएको निर्वाचनमा यसै प्रणालीको अवलम्बन गरिएको थियो । यो प्रणाली सन २००४ सम्म ४७ राष्ट्रहरुमा प्रयोगमा रहेको पाइन्छ (IDEA Handbook) ।

गुणहरु (**Merits**) :

१. यस प्रणालीले प्रमुख दुई दलहरु विच छनौटको सुविधा दिन्छ । जस्तै संयुक्त राज्य अमेरिकामा मतदाताहरुले दलको छनौट गर्दा डेमोक्रेटिक वा रिपब्लिकको आधारमा गर्दछन् । जहाँ चुनावी दौडमा दुई भन्दा धेरै उम्मेदवारहरु हुन्छन यस्तो अवस्थामा प्रायसः तेस्रो उम्मेदवार कमजोर अवस्थामा रहेको हुन्छ (यो शास्वत चाहि कहिल्यै हुँदैन ) ।

२. यस प्रणालीमा मतदाता र निर्वाचन प्रतिनिधिहरुका विच गहिरो सम्बन्ध रहेको हुन्छ ।

३. यस प्रणालीबाट कुनै पनि स्वच्छ र समर्पित व्यक्ति विना कुनै दलको छाता चुनावी दौडमा उत्रिएको छ भने पनि उसको व्यक्तित्व र समर्पणलाई नजर अन्दाज गरेर मतदाताहरुले उसलाई मत प्रदान गरी विजय गराउन सक्दछन् ।

४. यस प्रणालीको प्रयोग अतिनै सरल र जस्ता सुकै मतदाता चाहे शिक्षित होउन वा अशिक्षित सहजै बुझ्न र प्रयोग गर्न सकिने हुन्छ । साथै मतपत्र सानो हुने हुँदा गणना गर्न पनि सजिलो हुन जान्छ ।

५. भौगोलिक प्रतिनिधित्व वेशी हुन्छ ।

अवगुणहरु (**Demerits**)

१. यस प्रणालीको सबैभन्दा कमजोर पक्ष भनेको यसले प्राप्त स्थान र प्राप्त गरेको मतसँग कुनै सम्बन्ध राख्दैन । उदाहरणको लागि २०५१ को मध्यावधि निर्वाचनमा नेकपा एमालेले जम्मा ३०.८५ प्रतिशत मत प्राप्त गरी संसदमा ८८ स्थानका साथ सबैभन्दा ठूलो दलको रुपमा स्थापित भयो जवकि नेपाली कांग्रेसले कुल मतको ३३.३८ प्रतिशतका वावजुत पनि संसदमा ८३ स्थानका साथ दोस्रो ठूलो दलको रुपमा चित्त बुझाउनु पऱ्यो (निर्वाचन आयोग) ।

२. यस प्रणालीले विजयी उम्मेदवारको मत देखि बाहेकका सबै उम्मेदवारहरुको मतलाई वेवास्था गर्दछ । जस्तै २०५६ सालको निर्वाचनमा ताप्लेजुङ जिल्ला क्षेत्र नं. १का उम्मेदवार

तिल कुमार मेनाङ्बो १३,६३६ मतका साथ निर्वाचित घोषित भए भने १३,४७२ मत पाउने नेपाली कंग्रेसका उम्मेदवार सुर्यमान गुरुङ पराजित भए (निर्वाचन आयोग) । यहाँ भन्न खोजिएको कुरा के हो भने १३,४७२ मतका साथ अरु थुप्रै मतहरुलाई यस प्रणालीले वेवास्था गर्दछ ।

३. यस प्रणालीले उत्पिडित जाति, जनजाति, दलित, महिला आदिको प्रतिनिधित्वको वास्ता राख्दैन ।

४. यस प्रणालीको अर्को कमजोर पक्ष भनेको यसले मतादाताहरुका विचमा रिसराग र द्वन्दको स्थिति पैदा गर्न मलजल गर्दछ ।

५. यस प्रणालीले क्षेत्रवादलाई मुख्य प्रश्रय दिन्छ । किनभने २०४८ सालको आम निर्वाचनमा झापा जिल्लाका ६ वटै क्षेत्रहरुमा नेकपा एमालेको पकड रऱ्यो । परिणाम स्वरुप झापा जिल्लालाई “झापा जिल्ला लालकिल्ला” को उपमा दिइयो । यस प्रणालीले अरु सैद्धान्तिक झुकावहरुको वेवास्था गर्दछ ।

६. जनमतलाई यो प्रणालीबाट निर्वाचित भएको सरकारले पूर्णतया वेवास्था गर्दछ । यदि जनमत सरकारको पक्षमा छैन भने पनि अर्को चुनाव नआउनजेल सरकार परिवर्तनको सम्भावना रहदैन (यहाँ जनमतको मात्र कुरा गरिएको हो ) ।

७. पैसाको चलखेल यो प्रणालीको अर्को कालो पक्ष हो । जसका कारण मुलुकमा भ्रष्टाचार चोरितन्त्र फैलिएको हुन्छ किनभने मतको किनबेच यो प्रणालीमा अत्यन्तै हुन्छ ।

८. ठूला दलका नेताहरुको सामाजिक, आर्थिक हैसियत र साना दलका नेताहरुको सामाजिक आर्थिक हैसियतमा आकाश जमिनको फरक रहेको हुन्छ ।

९. उप निर्वाचनको आवश्यकता पर्न सक्दछ ।

(ख) ब्लक मत प्रणाली (Block Voting System) : यो प्रणाली पनि एकसदस्यीय निर्वाचन प्रणाली अन्तर्गत पर्दछ । अथवा एक क्षेत्रमा एक स्थानको लागि धेरै उम्मेदवारहरुका विच प्रथम हुने निर्वाचनको प्रयोग (FPTP) ब्लक प्रणाली अनुसार हुन्छ भने यसलाई ब्लकमत प्रणाली भनिन्छ । यस प्रणाली अनुसार चुनावी दौडमा जति उम्मेदवारहरु उठेका हुन मतदाताहरुलाई त्यतिनै संख्या बराबरको मत खसाल्न पाउने अधिकार रहेको हुन्छ । उदाहरणको लागि यदि कुनै एक निर्वाचन क्षेत्रमा ११ जना उम्मेदवारहरु चुनावी दौडमा

उत्रिएका छन भने मतदाताले आफ्नो मतको प्रयोग गर्दा ११ वटा मत बराबरको मतदान गर्न सक्दछ । यसरी मतदान गर्दा मतदाताले आफुमा भएको ११ वटा मत एकै उम्मेदवारलाई दिन पनि सक्दछ अथवा बाँडेर दिन पनि सक्दछ । यो मतदाताको विषय क्षेत्र भित्र पर्न जान्छ । यसरी भएको मतदानमा जसले सबैभन्दा बढी मत प्राप्त गर्दछ उसैलाई निर्वाचित घोषित गरिन्छ । यो प्रणालीको प्रयोग १५ वटा मुलुकहरुमा प्रचलित रहेको पाउन सकिन्छ (IDEA Handbook) ।

गुणहरु (**Merits**)

१. उम्मेदवारहरुको चारित्रिक गुण, व्यवहार र योग्यताको आधारमा मतदाताहरुले मतदान गर्ने हुँदा दल अनुशासन कायम गर्न र योग्य उम्मेदवारको चयन गर्न यो प्रणालीले प्रोत्साहित गर्दछ ।

२. किनेका मतहरुको आधारमा निर्वाचन जित्ने सम्भावना कम रहन्छ ।

अवगुणहरु (Demerits) :

१. एउटै पार्टीका एक भन्दा वेशी उम्मेदवारहरु चुनावमा उठेमा मत बाँडिन सक्दछ र जित्नु पर्ने उम्मेदवारले हार्न सक्दछ र हार्नु पर्ने उम्मेदवारले जित्न सक्दछ ।

(ख) दलिय ब्लकमत प्रणाली (Party Block Voting System)

यस प्रणालीलाई बहुसदस्यीय निर्वाचन प्रणाली पनि भनिन्छ । यसप्रणाली अन्तर्गत चुनावी दौडमा व्यक्ति प्रतिस्पर्धि नभई सिधै दलहरुकै विच प्रतिस्पर्धा हुन्छ । यो प्रणाली अन्तर्गत चुनावी क्षेत्र बहुसदस्यी हुने भएकोले जुन दलले प्रथम हुने निर्वाचन प्रणाली (FPTP) अन्तर्गत निर्वाचन जित्दछ उसले उठाएका सबै उम्मेदवारहरु स्वतः निर्वाचित हुन्छन । उदाहरणको लागि कुनै एक निर्वाचनमा ६ वटा दलहरु A, B, C, D, E, र F चुनावी मैदानमा उत्रिएका छन् । यदि प्रथम हुने निर्वाचन प्रणाली (FPTP) अन्तर्गत A दलले निर्वाचन जित्यो भने A दलले उठाएका सबै उम्मेदवारहरु निर्वाचित हुन्छन् । यो प्रणालीको प्रयोग ४ वटा देशमा प्रचलित रहेको पाउन सकिन्छ, (IDEA Handbook) ।

गुणहरु (**Merits**)

१. जातिय, भाषिक, लिङ्गिय आदिको अनुपात मिलाउन यो प्रणाली महत्वपूर्ण छ ।

२. यसको प्रयोग सरल छ ।

अवगुणहरु : (**Demerits**)

१. आफ्नो सामान्य पकड रहेको अवस्थामा पनि यो प्रणालीबाट कुनै पनि दलले बढी भन्दा बढी स्थान प्राप्त गर्न सक्दछ । उदाहरणको लागि सिंगापुरको निर्वाचनमा ६१ प्रतिशत मत प्राप्त गरी सत्तामा रहेको दलले कुल स्थानको ९५ प्रतिशत स्थान प्राप्त गर्न सफल भएको थियो (मिश्र, २०००) ।

१.२ बहुमत प्रणाली (Majoritarian System) : माथि उल्लेख गरिएको बहुलता प्रणालीको तुलनामा यो प्रणाली पूर्ण बहुमतको पक्षधर रहेको छ । अथवा यो प्रणालीबाट निर्वाचित हुने कुनै पनि उम्मेदवारले जम्मा मतको ५० प्रतिशत वा सो भन्दा वेशी मत ल्याउनु पर्दछ । बहुमत प्रणाली अन्तर्गत पनि तीन वटा प्रणालीहरु पर्दछन् ।

(क) दुई मतपत्र प्रणाली (Two Ballot System) दुई मतपत्र प्रणालीलाई दोस्रो मत प्रणाली पनि भनिन्छ । यस प्रणाली अन्तर्गत निर्वाचित हुने उम्मेदवारले पूर्ण बहुमत अथवा ५० प्रतिशत वा सो भन्दा वेशी मत प्राप्त गर्नु पर्दछ । यो निर्वाचन प्रणाली दुई चरणमा दुई प्रकारका मतपत्रको प्रयोगबाट हुन्छ । सामान्यतया यो प्रणाली १ साता या १५ दिनको अन्तरालमा सम्पन्न हुन्छ । यदि पहिलो चरणको निर्वाचनमा कुनै एक उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न सफल हुन्छ भने उसलाई तत्कालै निर्वाचित घोषित गरिन्छ । यस्तो अवस्थामा दोस्रो चरणको निर्वाचनको आवश्यकता पर्दैन । तर यदि पहिलो चरणको निर्वाचनमा कुनै पनि दलले पूर्ण बहुमत प्राप्त गर्न सकेनन् भने दोस्रो निर्वाचनको आवश्यकता पर्दछ ।

दोस्रो निर्वाचन भने विभिन्न राष्ट्रहरुमा विभिन्न किसिमको हुन्छ । कहि पहिलो निर्वाचनमा पहिलो र दोस्रो स्थान हासिल गर्ने दलहरुलाई मात्र दोस्रो निर्वाचनमा स्थान दिइन्छ भने कहि निश्चित मत पाउने दललाई मात्र दोस्रो निर्वाचनमा सहभागित हुने अवसर दिइन्छ । युक्रेनमा सन १९९४ मा भएको निर्वाचनमा पहिलो र दोस्रो स्थान ल्याउने दललाई मात्र दोस्रो निर्वाचनमा अवसर दिइएको थियो । फ्रान्समा मार्च १९९३ मा प्रतिनिधि सभाका लागि भएको निर्वाचनमा यस प्रणालीको प्रयोग भएको थियो । जसमा जुन दलले पहिलो चरणको निर्वाचनमा खसेको मतको १२.५ प्रतिशत मत ल्याएको हो त्यसलाई मात्र दोस्रो चरणको निर्वाचनमा सहभागिता जनाउने अवसर प्रदान गरिएको थियो । यस प्रणाली अन्तर्गतको दोस्रो चरणको निर्वाचनमा भने निर्वाचित हुन कुनै पनि दलले बहुमत ल्याउनु पर्ने आवश्यकता पर्दैन । जसले सामान्य बहुमत ल्याउँदछ उसैलाई नै निर्वाचित घोषणा गरिन्छ

। यो प्रणाली फ्रान्समा हुने राष्ट्रपतिय निर्वाचनमा व्यापक रुपमा प्रयोग गरिन्छ । यो निर्वाचनको प्रयोग विश्वका २२ मुलकहरुमा प्रचलित छ (IDEA Handbook) ।

गुणहरु (**Merits**)

१. यो निर्वाचन प्रणाली मत प्रयोग गर्ने हिसावले प्रथम हुने निर्वाचन प्रणाली (FPTP) जस्तै सरल छ । यो प्रणाली जुनसुकै समाज चाहे त्यो शिक्षित होस वा अशिक्षित लागु गर्न सजिलो छ साथै मतपत्रको गणना गर्न पनि सजिलो छ ।

२. कुनै अवस्थामा पहिलो चरणको निर्वाचनमा गलत उम्मेदवारलाई मत दिएको आभाष भएमा दोस्रो चरणको निर्वाचनमा मतदाताले मतको सही उपयोग गर्न सक्दछ ।

३. भौगोलिक प्रतिनिधित्व वेशी हुन्छ ।

अवगुणहरु (**Demerits**)

१. यो प्रणाली अन्तर्गत दोस्रो चरणको निर्वाचन गर्नु परेको खण्डमा खर्च दोव्वर हुने देखिन्छ ।

२. दोस्रो चरणको निर्वाचनमा मतदाताहरुको रुची घट्न गई मतदानमा सहभागिता घट्न सक्दछ ।

३. निर्वाचन र परिणाम प्राप्तिका विच लामो समय लाग्ने भएकाले कहिले काही अस्थिरता देखा पर्न सक्दछ ।

४. उप निर्वाचनको आवश्यकता पर्न सक्दछ ।

(ख) वैकल्पिक मत प्रणाली (Alternative Voting System)

वैकल्पिक मत प्रणालीलाई “प्राथमिकता मत प्रणाली” (Perferential Voting System) पनि भनिन्छ । यस प्रणाली अन्तर्गत मतदाताहरुले उम्मेदवारहरुलाई प्राथमिकता जनाउँदछन् । प्राथमिकता जनाउँदा मतदाताहरुले मतपत्रमा प्रत्येक उम्मेदवारको छेउमा रहेको कोष्ठमा १, २, ३ जनाउदै जान्छन् । जहाँ १ प्राथमिकताले मतदाताको नजरमा उम्मेदवार पहिलो प्राथमिकतामा पर्दछ त्यस्तै २ ले दोस्रो गरी अन्य संख्याले क्रमैसँग प्राथमिकता जनाउँदछ । मतपत्र गणना गर्दा प्रथम प्राथमिकताको मत गनिन्छ । यदि गणना गरी सकेपछि कुनै उम्मेदवारले पूर्ण बहुमत अथवा ५० प्रतिशत वा सो भन्दा बढी मत प्राप्त गरे भने निर्वाचित घोषणा गरिन्छ तर यदि कुनै पनि उम्मेदवारले पूर्ण बहुमत (Absolute Majority) प्राप्त गर्न सकेनन भने सबैभन्दा कम पहिलो प्राथमिकता पाउने उम्मेदवारलाई हटाइन्छ र

उसको मतपत्रमा जनाएको दोस्रो प्राथमिकताको मत अरु उम्मेदवारहरुलाई प्राथमिकताको अनुसार बाँडिन्छ । यो क्रिया तवसम्म जारी रहन्छ जवसम्म कुनैपनि उम्मेदवारले पूर्ण बहुमत या सो भन्दा वेशी मत प्राप्त गर्न सक्दैनन् । यो प्रणाली अष्ट्रलियाको तल्लो सदन Australian House of Representative का लागि सन् १९१८ देखि प्रयोग भई रहेको छ । त्यस्तै स्लोभानियाको राष्ट्रिय सभाका लागि र केही सुधारिएको रुपमा किरीवटी (kiribati) को राष्ट्रपतिय निर्वाचनमा र नौरुको प्रतिनिधि सभाको निर्वाचनका लागि प्रयोग गरिन्छ । सन् १९९९ को फिजीको निर्वाचनमा पनि यसै प्रणालीको प्रयोग भएको पाइन्छ ।

गुणहरु (**Merits**)

१. यस प्रणालीले एक मात्र उम्मेदवारु छान्नु पर्ने बाध्यतालाई हटाउँदछ र प्राथमिकता अनुसार मतदाताहरुले आफ्नो मत जाहेर गर्न सक्दछन् ।

२. मतदाताको मतको अवमूल्यन कम रुपमा हुन्छ ।

३. कहिले कहिले निर्वाचित हुने कम सम्भावना रहेका उम्मेदवारहरु पनि निर्वाचित हुन सक्दछन् ।

अवगुणहरु (**Demerits**)

१. साक्षरता प्रतिशत कम भएका देशहरुमा यो प्रणाली लागू गर्न कठीन पर्ने देखिन्छ । किनभने यसमा अंकको ज्ञान हुन जरुरी पर्दछ ।

२. यस प्रणालीबाट निर्वाचित प्रतिनिधिहरुले अरु दलका मतदाताहरुको प्रतिष्ठामा आँच आउने क्रियाकलाप गरेमा कहिले काही दुर्घटना पनि हुन सक्दछ । किनभने यस प्रणालीमा निर्वाचित प्रतिनिधिहरु अरु दलको मत पाएर पनि निर्वाचित भएका हुन्छन् ।

२. समानुपातिक निर्वाचन प्रणाली (**Proportional Election System**) : समानुपातिक प्रणालीका हिमायति जे.एस. मिल सञ्जा प्रजातन्त्रमा सबै पक्षहरुको असन्तुलित ढंगले होइन समानुपातिक ढंगले प्रतिनिधित्व हुनु पर्नेमा विश्वास गर्दछन् (पोखरेल, २०५९) । यो समानुपातिक प्रणालीको विशेषता प्राप्त मत अनुसारको स्थान प्राप्तिसँग सम्बन्धित छ । यसमा मतदाताहरुको रोजाई वा अभिरुची अनुसार जति मत दललाई खसेको छ त्यसकै अनुपातमा स्थान संख्या निर्धारण हुने गर्दछ । अथवा यस प्रणाली अन्तर्गत सबै मतहरुले प्रतिनिधित्वको अधिकार राख्दछन् र समाजमा भएका सबै राजनीतिक समूहहरुले

व्यवस्थापिकामा आफ्नो स्थान प्राप्त मतको अनुपातमा प्राप्त गर्दछन् । अथवा यस प्रणालीमा सबैलाई सदनमा प्रतिनिधित्व जनाउने अधिकार प्राप्त छ । समानुपातिक प्रणाली मत गन्ने होइन तौलने हो भन्ने सिद्धान्तमा आधारित छ । यो प्रणालीका आफ्नै निश्चित आधारभूत चरित्रहरु छन् । (क) यस प्रणालीका लागि बहुसदस्यीय निर्वाचन क्षेत्र हुनु आवश्यक पर्दछ । (ख) प्रत्येक उम्मेदवारले निर्वाचित हुन निर्धारित कोटा बमोजिमको मत ल्याउनु पर्दछ । (ग) सम्भव भएसम्म मतसंख्याको अनुपातमा सबै पक्षको प्रतिनिधित्व हुनु पर्दछ । यदि कुनै उम्मेदवारले १० सदस्यीय निर्वाचन क्षेत्रमा कुल मतको ४० प्रतिशत मत प्राप्त गऱ्यो भने उसले ४ स्थान प्राप्त गर्दछ अथवा १० स्थानको १० प्रतिशत स्थान पाउँदछ । त्यस्तै अर्को उम्मेदवारले कुल मतको २० प्रतिशत मत प्राप्त गऱ्यो भने २ स्थान प्राप्त गर्न सफल हुन्छ ।

यस प्रणाली अन्तर्गत व्यवस्थापिकामा आफ्नो स्थान सुरक्षित गर्न निश्चित कोटा बराबरको मत प्राप्त गर्नु पर्ने हुन्छ । जस्तै इजरायलको प्रतिनिधि सभामा प्रतिनिधित्व जनाउन कुल मतको १ प्रतिशत मत प्राप्त गर्नु पर्ने हुन्छ । त्यस्तै जर्मनीमा ५ प्रतिशत प्राप्त गर्नु पर्ने हुन्छ । तर दक्षिण अफ्रिकाको १९९४ मा ४०० स्थानका लागि भएको निर्वाचनमा प्रतिनिधित्व जनाउनको लागि कुनै निर्धारित कोटा थिएन । जसले गर्दा अफ्रिकी क्रिश्चयन डेमोक्रेटिक पार्टीले ०.४५ प्रतिशत मत प्राप्त गरे तापनि २ स्थान प्राप्त गर्न सफल भएको थियो ।

समानुपातिक प्रणाली पनि प्रमुख रुपमा तीन प्रकारका छन् ।

(क) दलिय सूची प्रणाली (Party List System) : समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गतको सबैभन्दा प्रचलित प्रणाली दलिय सूची प्रणाली हो । संसारभरी प्रचलनमा रहेका समानुपातिक प्रणाली अन्तर्गत ८० प्रतिशत यही प्रणालीको प्रयोगबाट निर्वाचन सम्पन्न हुन्छ । यो प्रणालीको प्रयोग दक्षिण अफ्रिका लगायत अरु थुप्रै युरोपियन मुलुकहरुमा र अरु नयाँ स्थापित प्रजातान्त्रिक मुलुकहरुमा भई रहेको छ । यस प्रणाली अन्तर्गत पनि निर्वाचन क्षेत्र बहु सदस्यीय हुन्छ । यसमा सम्पूर्ण मुलुकलाई नै एक निर्वाचन क्षेत्र मानिन्छ या प्रत्येक जिल्लालाई एक निर्वाचन क्षेत्र मानिन्छ । प्रत्येक दलले निर्वाचन गराउनु पर्ने उक्त स्थान बराबरको संख्यामा आफ्नो उम्मेदवारहरुलाई निर्वाचनमा उठाउँदछ । यसरी निर्वाचनमा उठाउँदा मतपत्रमा उम्मेदवारको नाम लेखिएको हुन पनि सक्दछ र नलेखिएको हुन पनि सक्दछ । यसलाई क्रमश खुल्ला र बन्द सूची भनिन्छ । मतदाताहरुले मत व्यक्त गर्दा यदि

खुल्ला मतपत्र रहेछ भने कुनै एक दलका सम्पूर्ण उम्मेदवारलाई आफ्नो मत दिन पनि सक्दछन र दलहरुमा बाँडेर पनि दिन सक्दछ । यदि बन्द मतपत्र रहेछ भने मतदाताहरुले कुनै एक दललाई मत दिन्छन् र प्राप्त मतको आधारमा स्थान प्राप्त गर्दछन । उदाहरणको लागि यदि नेपाली कांग्रेसले दश सदस्यीय निर्वाचन क्षेत्रमा ५० प्रतिशत मत प्राप्त गरेछ भने नेपाली कंग्रेसले जम्मा ५ स्थान प्राप्त गर्दछ । यसरी प्राप्त गरेको स्थान उम्मेदवारमा बाँड्दा यदि खुल्ला मतपत्र रहेछ भने मतदाताले छनौट गरेको उम्मेदवारको प्राथमिकताका आधारमा हुन्छ । यदि बन्द मतपत्र रहेछ भने निर्वाचनको परिणाम पछाडि दलहरुले आफ्नो प्रतिनिधिको छनौट गर्दछन् । यो प्रणाली विश्वका ७० वटा मुलुकहरुमा प्रचलनमा छ ( IDEA Handbook) ।

१० सदस्यी निर्वाचन क्षेत्रका लागि

खुल्ला दलिय सूची मतपत्र नमुना

आधिकारिक मतपत्र

नेपाल सरकारको प्रतिनिधि सभाको लागि निर्वाचन

जिल्ला एक

मतदाताहरुलाई निर्देशन

१. तपाईसँग एक मात्र मत छ ।

२. उम्मेदवारको सँगै रहेको कोष्ठमा इच्छाइएको उम्मेदवारलाई मतदान गर्न X चिन्हको प्रयोग गर्नुहोस् ।

३. तपाईको मतको गणना तपाईको छनौटको उम्मेदवार र दल दुवैका लागि हुनेछ ।

| क | | ख | | ग | | घ | | ड | | च | | छ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | | नाम | | नाम | | नाम | | नाम | | नाम | | नाम |
| | ,, | | ,, | | ,, | | ,, | | ,, | | ,, | | ,, |
| | ,, | | ,, | | ,, | | ,, | | ,, | | ,, | | ,, |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | " | | " | | " | | " | | " | | " | | " |
| | " | | " | | " | | " | | " | | " | | " |
| | " | | " | | " | | " | | " | | " | | " |
| | " | | " | | " | | " | | " | | " | | " |
| | " | | " | | " | | " | | " | | " | | " |
| | " | | " | | " | | " | | " | | " | | " |
| | " | | " | | " | | " | | " | | " | | " |

खुल्ला दलिय सूची मतपत्रको प्रयोग प्रायजसो अहिले युरोपका प्रजातान्त्रिक मुलुकहरुले गरिरहेका छन् । यस्तो खालको मतपत्रमा दलको मात्र छनौट सुविधा नभएर दलका उम्मेदवारहरुका विचमा पनि छनौटको सुविधा उपलब्ध हुन्छ । यस्तो खालको मत पत्रमा मतदाताहरुले कुनै एक उम्मेदवारको माध्यमबाट दललाई मतदान गर्दछन् र मत गणना हुँदा दल र उम्मेदवार दुवैका लागि गरिन्छ र निर्वाचित उम्मेदवार घोषणा गर्दा सबैभन्दा पहिले दलले प्राप्त गरेको मत निर्धारण गरिन्छ । उम्मेदवारहरु मध्ये सबैभन्दा वेशी मत प्राप्त गर्नेलाई निर्वाचित घोषणा गरिन्छ । उदाहरणको लागि यदि क दलले कुनै एक निर्वाचन क्षेत्रमा २० प्रतिशत मत प्राप्त गऱ्यो भने उसले प्रतिनिधि सभामा २ स्थान प्राप्त गर्दछ । प्राप्त स्थान उम्मेदवारहरुमा बाँड्दा जसले सबैभन्दा वेशी मत प्राप्त गरेका छन तिनै दुई उम्मेदवारहरुलाई निर्वाचित घोषित गरिन्छ ।

१० सदस्यीय निर्वाचन क्षेत्रका लागि

बन्द दलिय सूची मतपत्रको नमुना

आधिकारिक मतपत्र

नेपाल सरकारको प्रतिनिधि सभाको लागि निर्वाचन

जिल्ला : एक

मतदाताहरुलाई निर्देशन :

१. तपाईसँग एक मात्र मत छ ।

२. तपाईको रोजाइको कुनै पनि दलको मुनी रहेको कोष्ठमा X चिन्हको प्रयोग गर्नुहोस् ।

| क | ख | ग | घ | ङ | च | छ |
|---|---|---|---|---|---|---|
| ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ |

बन्द दलिय सूची मतपत्रमा मतदाताहरुलाई दलको मात्र छनौट दिइएको हुन्छ र त्यसै अनुसार मतदाताहरुले आफ्नो मत दलको तल रहेको कोष्ठ भित्र X चिन्हको प्रयोग गरी गर्दछन् र दलले प्राप्त गरेको मत बराबरको प्रतिनिधिको छनौट दलको निर्देशन अनुसार निर्वाचनको परिणाम पछि घोषणा गरिन्छ । यदि दल क ले कुल मतको २० प्रतिशत, दल ले ख २० प्रतिशत, दल ग ले १० प्रतिशत, दल घ ले २० प्रतिशत, दल ङ ले १० प्रतिशत, दल च ले १० प्रतिशत र दल छ ले १० प्रतिशत मत प्राप्त गरे भने प्रत्येक दलहरुले क्रमश २, २, १, २, १, १, १, स्थान प्राप्त गर्दछन् र परिणाम पश्चात दलहरुले आ-आफ्नो प्रतिनिधिहरुको घोषणा गर्दछन् ।

बन्द दलिय सूची अन्तर्गत स्थान निर्धारण गर्न निम्न दुई प्रणालीहरुको प्रयोग गरिन्छ ।

(क) Largest Reminder Method : यस प्रणाली अन्तर्गतको पहिलो चरणमा प्रत्येक दलले निर्वाचनमा स्थान प्राप्त गर्नको लागि निश्चित कोटा बराबरको मत ल्याउनु पर्ने मत संख्याको निर्धारण गरिन्छ त्यसपछि दलहरुले प्राप्त गरेको मतलाई निर्धारित कोटा संख्याको भाग गरिन्छ । उदाहरणको लागि कुनै पाँच सदस्यीय निर्वाचन क्षेत्रमा ४०,००० वैध मतदान भयो भने यसको कोटा ८,००० निर्धारण गरिन्छ । कोटा निर्धारण गर्ने अरु तीन प्रक्रियाहरु पनि छन् । यस

अन्तर्गतको "Hagenbach biscnoff" कोटा अनुसार उक्त वैद्य मतको संख्यालाई कुल निर्वाचन क्षेत्र जोड एक ले भाग गरिन्छ । जव " Droop कोटा” को प्रयोग गरिन्छ भने कुल वैद्य मतको संख्यालाई निर्वाचन क्षेत्र संख्या जोड एक ले भाग गरी भाजकमा एक जोड्नु पर्दछ । त्यसैगरी 'Imperial कोटा” अनुसार कुल वैद्य मत संख्यालाई निर्वाचन क्षेत्रको संख्या जोड दुई ले भाग गर्नु पर्दछ ।

१. हेयर (Hare) कोटा = $\frac{\text{मत}}{\text{कुल स्थान}}$

२. Hagenbach Bischoff कोटा = $\frac{\text{मत}}{\text{कुल स्थान}} + \text{१}$

३. Droop कोटा = $\frac{\text{मत}}{\text{कुल स्थान}} + \text{१}$

४. Imperial कोटा = $\frac{\text{मत}}{\text{कुल स्थान}} + \text{२}$

५. D' Hondt भाजक =१, २, ३ आदि

त्यसपछि कोटा बराबरको मत प्राप्त गर्ने दलहरुलाई एक एक स्थान प्रदान गरिन्छ । उदाहरणको लागि यदि "Hare कोटा” अनुसार ५,००० मत निर्धारित कोटा तोकियो भने कोटा बरारबरको मत ल्याउने दलहरुलाई एक एक स्थान दिइन्छ र अर्को चरणमा बाँकी स्थानको प्रत्यायोजन गर्दा निर्धारित कोटा संख्याले भाग गरिसकेपछि बाँकिरहेको मत संख्याबाट गरिन्छ । तलको तालिकाले यस प्रणालीको प्रयोगलाई स्पष्ट पार्दछ ।

चार सदस्यीय निर्वाचन क्षेत्र, २०,००० मत

Hare कोटा : ५,०००

| दल | जम्मा मत | कोटा | प्राप्त स्थान | बाँकी मत | स्थान | जम्मा स्थान |
|---|---|---|---|---|---|---|
| A | ८,२०० | ५,००० | १ | ३,२०० | १ | २ |
| B | ६,१०० | ५,००० | १ | १,१०० | ० | १ |
| C | ३,००० | - | ० | ३,००० | १ | १ |
| D | २,७०० | - | ० | २,७०० | ० | ० |
| जम्मा | २०,००० | | २ | | २ | ४ |

स्रोत : Dick Leonard and Richard Natkiel**, *World Atlas of Elction: Voting Patterns in 39 Democracies.*** The Economist Publication, London, 1986, p. 2

माथिको तालिकाले देखाए अनुसार A र B दलले मात्र निर्वाचन कोटा बराबरको मत हासिल गरेकाले निर्वाचन गर्नुपर्ने ४ स्थानहरु मध्ये २ स्थान तत्कालै दिइन्छ र बाँकी रहेका २ स्थान दलहरुमा बाँड्दा बाँकी रहेको मतको झर्दो क्रम अनुसार गरिन्छ । यसरी स्थान बाँडफाँड गर्दा बाँकी रहेको मतमा A दलको अझै सबभन्दा वेशी मत बाँकी रहेकाले उसलाई फेरी १ स्थान दिइएको छ । त्यसपछि C दलको दोस्रो ठूलो मत रहेकाले उसलाई पनि १ स्थान दिइएको छ । यसका साथै निर्वाचन गर्नुपर्ने स्थान पूर्ति भईसकेकाले गणना बन्द गरिएको छ । यस Largest Reminder प्रणालीले साना दलहरुलाई पनि स्थानको हकदार बनाउँदछ । माथिको तालिकाले के कुराको प्रष्ट पारेको छ भने दल C ले B को बरारको मत नपाएता पनि स्थान भने बराबर रहेको छ ।

(ख) Highest Average प्रणाली (D' Hondt System)

यस Highest Average प्रणाली अन्तर्गत दलहरुले प्राप्त गरेको कुल मतलाई D'Hondt भाजकहरुले भाग गरिन्छ र त्यसअनुसार मतहरुको झर्दो क्रम (Descending Order) अनुसार स्थान प्रत्यायोजन गरिन्छ । तलको तालिकाले D' Hondt प्रणालीलाई प्रष्ट पार्दछ ।

| दलहरु | कुल मत | भाजक १ | भाजक २ | भाजक ३ | जम्मा स्थान |
|---|---|---|---|---|---|
| A | ८,२०० | ८,२००(१) | ४,१०० (३) | २,७३३ | २ |
| B | ६,१०० | ६,१०० (२) | ३,०५० (४) | २,०३३ | २ |
| C | ३,००० | ३,००० | १,५०० | १,००० | ० |
| D | २,७०० | २,७०० | १,३५० | ९०० | ० |
| जम्मा | २०,००० | | | | ४ |

स्रोत : Dick Leonard and Richard Natkiel, ***World Atlas of Elction: Voting Patterns in 39 Democracies.*** The Economist Publication, London, 1986, p. 2

माथिको तालिकाले देखाए अनुसार प्रत्येक दलहरुले प्राप्त गरेको मतलाई d'Hondt भाजकहरु ( १,२,३,....) ले क्रमै अनुसार भाग गरिएको छ । सबै भाजकहरुले भाग गरिसकेपछि प्राप्त मत संख्याको झर्दो क्रम अनुसार दलहरुलाई स्थान दिइएको छ । दल A को सबैभन्दा ठूलो भागफल रहेकाले पहिलो स्थान दिइएको छ । त्यस्तै दल A कै तेस्रो ठूलो भागफल भएको कारणले तेस्रो स्थान पनि उसैलाई दिइएको छ । त्यसैगरी दल B को दोस्रो र चौथो ठूलो भागफल रहेकाले दल B लाई २ स्थान दिइएको छ । निर्वाचन गर्नुपर्ने चार स्थानकै परिपूर्ति भएको कारणले स्थान प्रत्यायोजन बन्द गरिएको छ । जहा दल A र B ले २, २ स्थान प्राप्त गरेका छन् ।

माथिको तालिकाले प्रष्ट पारे अनुसार यो प्रणालीले जसको पक्षमा मतदान धेरै भएको छ तिनै दलहरुले मात्र स्थान प्राप्त गरेका छन् । त्यसकारण समानुपातिकतालाई यो प्रणालीले त्यति वास्ता गरेको पाइदैन । यसको तुलनामा Largest Reminder प्रणाली प्रजातान्त्रिक र समावेशी देखिएको छ ।

दलिय सूचीका गुणहरु (**Merits**)

१. साना दलहरुले पनि आफुले प्राप्त गरेको कुल मतका आधारमा संसदमा स्थान प्राप्न गर्न सक्दछन् ।

२. जातिय, भाषिक, धार्मिक विविधता रहेको समाजमा स्थायित्व सृजना गर्न यो प्रणाली उपयोगी सिद्ध छ ।

३. यो प्रणाली अन्तर्गत निर्वाचनमा दलहरुले उम्मेदवारहरुको सूची बनाउँदा समाजका सबै वर्ग र सम्प्रदायहरुको समावेश गर्ने प्रयास गर्दछन् ।

४. आफ्नो मतको केही न केही रुपमा समावेश हुने हुनाले मतदाताहरुमा आफ्नो मत खसाल्ने प्रवल इच्छा रहन्छ ।

५. राजनीतिक दलहरुविच सहकार्यको सम्बन्ध स्थापित हुन सक्दछ ।

६. उप निर्वाचनको आवश्यकता पर्दैन ।

७. यस प्रणालीबाट गठीत सरकारको कार्यकाल लामो समयसम्म रहने भएको हुँदा राजनीतिक अस्थिरताको सम्भावना कम रहन्छ ।

८. सरकार र दलहरु विचको सम्बन्ध पनि सुमधुर हुन सक्दछ ।

अवगुणहरु (**Demerits**)

१. दलमा फरक मत आउने वित्तिकै विभाजन हुन सक्ने सम्भावना रहन्छ । किनभने यो प्रणालीमा साना दलहरुले पनि पाएको मत अनुसार व्यवस्थापिकामा स्थान प्राप्त गर्न सक्दछन् ।

२. साम्प्रदायिक संघ संगठनहरुको जन्मले शान्ति खलबलिन सक्दछ ।

३. यस प्रणालीबाट संयुक्त सरकारको गठन हुने भएकाले नीति तर्जुमा गर्न र लागू गर्न अप्ठ्यारो पर्दछ ।

४. संयुक्त सरकारबाट कुनै पनि दललाई बाहिर निकाल्न गाह्रो पर्दछ ।

५. सरकारले प्रतिनिधि सभाबाट स्पष्ट बहुमत हासिल गर्न सकेन भने सरकार अस्थिर बन्न सक्दछ ।

६. स्थानिय निकायहरुको निर्वाचनमा यसको प्रयोग गर्न नसकिने हुन्छ ।

७. राजनीतिक दलहरुलाई धेरै शक्तिशाली बनाइएको हुन्छ ।

(ख) मिश्रित सदस्यीय समानुपाति निर्वाचन प्रणाली (Mixed Member Proportionas Voting System) : मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणालीलाई "थप सदस्यीय प्रणाली ( Additional Member system), क्षतिपूर्ति समानुपाति प्रणाली (Compensatory PR System), दुई मत प्रणाली (Two Vote System) र जर्मन प्रणाली (German System) पनि भनिन्छ ।

यो निर्वाचन प्रणाली बहुलता प्रणालीको एक जिल्ला एक सदस्य र समानुपातिक निर्वाचन प्रणालीको दलिय सुची प्रणालीको मिश्रित प्रणाली हो । यस प्रणालीमा व्यवस्थापिकाको आधा सदस्यको लागि एक जिल्ला एक सदस्य निर्वाचनबाट चुनिन्छ भने बाँकी आधा दलिय सूची प्रणालीबाट चुनिन्छ र यसबाट आएको परिणाम जिल्लाबाट निर्वाचित संख्यामा जोडिन्छ जसको उद्देश्य प्रत्येक दलको व्यवस्थापिकामा उचित प्रतिनिधित्व कायम गर्नु हो ।

यो प्रणाली दोस्रो विश्व युद्धको तत्कालै पछाडी पश्चिम जर्मनीबाट सुरु भएको हो । यसपछि यो निर्वाचन प्रणालीलाई बोलिभिया, भेनेजुएला, लगायत अरु थुप्रै देशहरुले प्रयोग गरिरहेका छन् । सन १९९० मा न्युजिल्याण्डले परम्परागत एक सदस्यीय बहुलता प्रणाली (Single Member Plurality System) लाई त्यागि मिश्रित सदस्यीय समानुपातिक प्रणाली (MMP) लागु गर्‍यो । हंगेरी पनि यो प्रणाली लागु गर्ने मुलुकमा पर्दछ भने स्कटल्याण्ड, अल्वानिया, बोलिभिया, जर्मनी, इटाली, लेसोथो मेक्सिको र भेनेजुएला आदि देशहरु पनि पर्दछन् ।

यो प्रणाली अन्तर्गत मतदाताहरुलाई दुई वटा मतपत्र दिइन्छ । अथवा एक मतदातामा २ वटा मत खसाल्ने सुविधा हुन्छ । सबैभन्दा पहिले मतदाताहरुले जिल्ला प्रतिनिधिलाई आफ्नो मत दिन्छन् । यो निर्वाचन एक जिल्ला एक सदस्य बहुलता प्रणालीबाट हुन्छ र जसले सबैभन्दा वेशी मत ल्याउँदछ त्यहि दलको उम्मेदवार निर्वाचित हुन्छ र मतपत्रको अर्को भागमा दलिय सूची प्रणाली अन्तर्गतको मतपत्र हुन्छ । जसमा कुनै एक दललाई मतदाताले आफ्नो मत दिन्छन् । दलिय सूची मतपत्र खुल्ला र बन्द दुवै हुन सक्दछ । त्यसपछि दलिय सूचीको मतलाई राष्ट्रिय आधारमा गणना गरिन्छ । अथवा यदि कुनै दलले जम्मा स्थानको ४० प्रतिशत स्थान प्राप्त गर्‍यो भने उसले ४० स्थान हासिल गर्दछ । यो ४० स्थानले जिल्लामा प्राप्त गरेको कुल स्थान र दलिय सूचीबाट प्राप्त भएको कुल स्थानलाई बुझाउँदछ । यो प्रणाली विश्वका ९ वटा मुलुकहरुमा प्रचलनमा रहेको छ ( IDEA Handbook) ।

मिश्रित सदस्यीय समानुपातिक मतपत्र नमुना

| नेपाल सरकारको प्रतिनिधि सभाको लागि निर्वाचन |
|---|

आधिकारिक मतपत्र

जिल्ला : एक

तपाईसँग २ वटा मत छ ।

<table>
<tr><td colspan="2">जिल्ला सदस्य मत</td><td></td><td colspan="2">दलिय मत</td></tr>
<tr><td colspan="2">यस मतले जिल्लाबाट प्रतिनिधि सभाको लागि को निर्वाचित हुन्छ भन्ने निश्चित गर्दछ । तपाईले छानेको उम्मेदवारको वक्स अगाडि X चिन्हको प्रयोग गर्नुहोस ।<br>एक मात्र दल या उम्मेदवारलाई मत दिनुहोस् ।</td><td></td><td colspan="2">यसले दलको प्रतिनिधि सभामा कति स्थान छ भन्ने निश्चित गर्दछ तपाईले छानेको दल या दलको उम्मेदवारको अगाडि भएको वक्स मा X चिन्हको प्रयोग गर्नुहोस । मत गण्ना हुँदा दल र उम्मेदवार दुवैका लागि हुनेछ ।<br>एक मात्र दल या उम्मेदवारलाई मत दिनुहोस् ।</td></tr>
<tr><td colspan="2">मत यहाँ दिनुहोस</td><td></td><td colspan="2">मत यहाँ दिनुहोस</td></tr>
<tr><td></td><td>उ. नाम क</td><td></td><td></td><td>क नाम: A,B,C,D</td></tr>
<tr><td></td><td>उ. नाम ख</td><td></td><td></td><td>ख ,,</td></tr>
<tr><td></td><td>उ. नाम ग</td><td></td><td></td><td>ग ,,</td></tr>
<tr><td></td><td>उ. नाम घ</td><td></td><td></td><td>घ ,,</td></tr>
<tr><td></td><td>उ. नाम ङ</td><td></td><td></td><td>ङ ,,</td></tr>
<tr><td></td><td>उ.नाम च</td><td></td><td></td><td>च ,,</td></tr>
<tr><td></td><td>उ.नाम छ</td><td></td><td></td><td>छ ,,</td></tr>
</table>

नोट : उ (उम्मेदवार)

तलको उदाहरणले मिश्रित सदस्यी निर्वाचन प्रणाली बुझ्नलाई मद्दत गर्दछ ।

मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणालीमा स्थानको निर्धारण :

| दलहरु | जितेको जिल्लाको स्थान संख्या | दलिय सूची अनुसार राष्ट्रिय स्तरमा पाएको मत % | दलले पाएको जम्मा स्थान | दलिय सूची अनुसार पाएको थप स्थान संख्या |
|---|---|---|---|---|
| क | १५ | ३० | ३० | १५ |
| ख | १० | २० | २० | १० |
| ग | ४ | १५ | १५ | ११ |
| घ | १० | १५ | १५ | ५ |
| ङ | ६ | ६ | ६ | ० |
| च | ० | ५ | ५ | ५ |
| छ | ५ | ९ | ९ | ४ |
| जम्मा | ५० | १००% | १०० | ५० |

गुणहरु (**Merits**)

१. मतदाताहरुलाई २ वटा मत खसाल्ने सुविधा हुन्छ । एउटा जिल्लाको लागि र अर्को राष्ट्रिय स्तरको लागि ।

२. स्थानिय स्तरमा कुनैपनि स्थान जित्न नसकेपनि राष्ट्रिय रुपमा पाएको मतको आधारमा स्थान प्राप्त गर्न सक्दछ । माथिको उदाहरणमा नेपाल सद्‌भावना पार्टीले जिल्लामा कुनै पनि स्थान जित्न सकेको छैन तर पनि राष्ट्रिय रुपमा पाएको ५ प्रतिशत मतले उसको प्रतिनिधि सभामा ५ सदस्यहरुको उपस्थिति हुन्छ ।

३. भौगोलिक प्रतिनिधित्वका साथै सबैको समावेश (Inclusiveness) हुन्छ ।

४. कम मतहरु खेर जाने सम्भावना रहन्छ ।

अवगुणहरु (**Demerits**)

१. नरुचाइएको दलले पनि स्थान प्राप्त गर्न सक्दछ । यसमा प्रायजसो दलिय सूचीका सबै अवगुणहरु देखा पर्दछन् ।

(ग) एकल संक्रमणीय निर्वाचन प्रणाली (Single Transferable Voting System) : यस प्रणालीको प्रयोग बहु सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ । यो निर्वाचन प्रणालीले दललाई भन्दा व्यक्तिलाई प्रश्रय दिन्छ । यसमा मतदाताहरुलाई मतपत्रमा भएका उम्मेदवारहरुलाई उनीहरुको रोजाई अनुसार प्राथमिकता जनाउन लगाइन्छ । यदि तीन स्थान भएको निर्वाचन क्षेत्रमा पाँच जना उम्मेदवारहरु खडा भएका रहेछन् भने मतदाताले प्राथमिकता जनाउँदा बढीमा तीन जना उम्मेदवारलाई जनाउँन सक्दछन । यसरी प्राथमिकता जनाउँदा उम्मेदवारका लागि १, २, ३ नं. दिई मत दिनुपर्ने हुन्छ । तर निर्वाचित गर्नुपर्ने सबै उम्मेदवारहरुलाई प्राथमिकता जनाउनै पर्दछ, भन्ने चाहि छैन । मतदाताहरुले एउटा मात्र उम्मेदवारलाई पनि प्राथमिकता जनाउँन सक्दछन् । यस प्रणालीमा पनि निर्वाचित हुन निश्चित कोटा बराबरको मत ल्याउनु पर्ने आवश्यकता पर्दछ । पहिलो चरण भनेको प्रथम प्राथमिकताको मत गणना गर्नु हो । पहिलो चरणको गणनामा कुनै उम्मेदवारले कोटा बराबर या सो भन्दा वेशी मत ल्याए भने कोटा बरारबरको मत उसैमा राखी बाँकी उम्मेदवारमा दोस्रो प्राथमिकता जनाए अनुसार मत वितरण गरिन्छ । तर कुनै पनि उम्मेदवारले निर्धारित कोटा बराबरको मत ल्याएनन् भने सबैभन्दा कम पहिलो प्राथमिकताको मत ल्याउने उम्मेदवारलाई मत गणनाबाट हटाइन्छ र उसले प्राप्त गरेको प्रत्येक मतपत्रमा जसलाई दोस्रो प्राथमिकता जनाएको छ उसैलाई दिइन्छ । यो क्रिया त्यतिखेरसम्म जारी रहन्छ जवसम्म बाँकी रहेका स्थानहरुको परिपूर्ति हुँदैन । यस प्रणालीमा एउटा मत मात्र पनि सम्पूर्ण स्थानको परिपूर्ति नभइन्जेलसम्म पनि चलिरहने भएकोले यसलाई एकल संक्रमणीय निर्वाचन प्रणाली भनिएको हो । उदाहरणको लागि यदि तीन सदस्यीय निर्वाचन क्षेत्रमा कुल वैध १,००० मत खसेका रहेछन् भने निर्वाचित हुन चाहिने मतको संख्या Droop कोटा अनुसार निर्धारण गर्ने हो भने $\frac{१०००}{३+१}$ +१ = $\frac{१०००}{४}$ + १ = २५० + १ = २५१ मतको आवश्यकता पर्दछ ।

एकल संक्रमणीय निर्वाचन प्रणाली अन्तर्गत स्थानको निर्धारण :

तीन सदस्सीय निर्वाचन क्षेत्र, १००० मत

| उम्मेदवार | दल | पहिलो गणना | दोस्रो गणना | तेस्रो गणना | चौथो गणना |
|---|---|---|---|---|---|
| A | V | १७५ | +१० =१८५ | +१०० =२८५ | -३४ =२५१* |
| B | W | २०० | +३ =२०३ | +३१ =२३४ | +८ =२४२ |
| C | X | १५० | +१ =१५१ | -१५१ =० | =० |
| D | Y | २७० | -१९ =१५१ | =२५१ | =२५१* |
| E | Z | २०५ | +५ =२१० | +२० =२३० | +६ =२५६* |
| जम्मा | | १००० | १००० | १००० | १००० |

* निर्वाचित घोषित

स्रोत : *NewZerland, Electoral Referendum Panel,* ***The Guide to the Electoral Referendum****, Wellington, 1992, P. 9*

माथिको तालिकाले यस प्रणाली अन्तर्गतको मत गणना हुने प्रक्रियालाई दर्शाएको छ । पहिलो गणनामा उम्मेदवार D ले २५१ कोटा बराबरको मत प्राप्त गरेकोले उसलाई निर्वाचित घोषणा गरिएको छ र उसको अतिरिक्त १९ मत अरु उम्मेदवारहरुलाई दोस्रो प्राथमिकता ल्याए अनुसार वितरण गरिएको छ । यसरी उम्मेदवार D को अतिरिक्त मत बाँड्दा पनि कुनै उम्मेदवारले कोटा बराबरको मत ल्याउन नसकेकाले सबैभन्दा कम मत भएको उम्मेदवार C लाई गणनाबाट हटाइएको छ र उसको १५१ मत दोस्रो प्राथमिकताका आधारमा अरु उम्मेदवारहरुमा बाँडिएको छ । यसरी बाँड्दा उम्मेदवार A पनि निर्वाचित भएको छ भने उसको अतिरिक्त ३४ मत यसैगरी बाँडिएको छ । त्यसपछि E ले पनि कोटा बराबरको मत पाउन सफल भएकोले उसलाई पनि

निर्वाचित घोषणा गरिएकोछ । यहाँ विचारणीय पक्ष के छ भने उम्मेदवार B ले A को भन्दा वेशी पहिलो प्राथमिकताको मत ल्याएतापनि निर्वाचित हुन भने सकेको छैन तर A चाहि निर्वाचित भएको छ ।

एकल संक्रमणीय निर्वाचन प्रणाली अन्तर्गत मत बाँड्ने कार्यलाई तलको तालिकाले प्रष्ट पार्दछ ।



गुणहरु (**Merits**)

१. यस प्रणालीमा दल र उम्मेदवारहरु बीच छनौटको सुविधा उपलब्ध छ ।

२. यो प्रणालीमा मतदाताको मत कम खेर जान्छ ।

३. विचारको प्रतिनिधित्व यस प्रणालीमा वेशी रहन्छ । किनभने यो प्रणालीले दललाई भन्दा व्यक्तिलाई जोड दिन्छ ।

४. यस प्रणालीमा उम्मेदवारहरुको झुकाव दलतिर भन्दा पनि निर्वाचन क्षेत्रतर्फ वेशी हुन्छ ।

अवगुणहरु (**Demerits**)

१. दलहरुलाई यो प्रणालीले कमजोर पार्दछ र दलिय प्रणालीमा अवरोध उत्पन्न हुन सक्दछ । किनभने उम्मेदवारहरुले मतदाताहरुलाई आफ्नो पक्षमा पार्न आफ्नै दलका अरु उम्मेदवारहरुको मुल्यलाई दाउँमा लगाउन सक्दछन् ।

२. यो प्रणालीको प्रयोग शिक्षित समुदायमा मात्र लागु हुन सक्दछ । किनभने यसमा अंकको ज्ञान हुनु आवश्यक पर्दछ । हाम्रो जस्तो समाजमा यो प्रणाली लागु गर्दा पर्याप्त कसरतको आवश्यकता पर्दछ ।

३. अष्ट्रेलियाको अनुभवले के देखाएको छ भने यो प्रणाली अन्तर्गत मतपत्रको गणना जटिल हुने गर्दछ साथै मतपत्र पनि जटिल हुने भएकोले मत खेर जाने सम्भावना धेरै हुन्छ (Lakeman, 1974) ।

३. अर्ध समानुपातिक निर्वाचन प्रणाली (**Semi-Proportional Election System**) :

यो प्रणालीले समानुपातिक र बहुलता/बहुमत प्रणाली दुवैका सकारात्मक पक्षहरुलाई जोड्ने काम गर्दछ । यस अर्ध समानुपातिक प्रणालीका पनि दुई वटा विधिहरु छन् ।

(क) एकल असंक्रमणीय मत प्रणाली (Single non transferable voting system) : प्रथम हुने निर्वाचन प्रणालीमा जस्तै यसमा पनि मतदाताहरुलाई एउटै मात्र मत हुन्छ तर निर्वाचन क्षेत्र भने बहु सदस्यीय हुन्छ र स्थान वितरण गर्दा उम्मेदवारले प्राप्त गरेको मत अनुसार हुन्छ । यस प्रणालीमा पनि एकै दलका धेरै उम्मेदवारहरु चुनावी दौडमा उत्रिएका हुन्छन् । उदाहरणको लागि कुनै निर्वाचन क्षेत्रमा ४ स्थानको लागि सात (७) उम्मेदवारहरु A, D, C, D, E, F र G विभिन्न दलहरुबाट उठेका छन् । यसलाई तल तालिकामा देखाइएको छ ।

| दल | उम्मेदवार | मत | स्थान |
|---|---|---|---|
| क | A | ५,००० | १ |
| ख | B | ६,००० | १ |
| ख | C | १,००० | |
| क | D | ७,००० | १ |
| ड | E | १,५०० | १ |
| च | F | १,१०० | |
| छ | G | १,४०० | |

अव उम्मेदवारहरुले प्राप्त गरेको मतलाई दल अनुसार एकत्रित गर्दा निम्न अवस्था देखिन्छ ।

| दल | मत | प्रतिशत | स्थान |
|---|---|---|---|
| क | १२,००० | ५२ | २ |
| ख | ७,००० | ३० | १ |
| ड | १,५०० | ७ | १ |
| च | १,१०० | ५ | |
| छ | १,४०० | ६ | |
| जम्मा | २३,००० | १०० | ४ |

माथिको तालिका अनुसार सबैभन्दा वेशी मत ल्याउने क दलका दुई उम्मेदवारहरु निर्वाचित भएका छन् । त्यसै दल ख र ड ले पनि १/१ स्थान जितेका छन् । यस प्रणाली अनुसार दलले प्राप्त गरेको मतसंख्याले स्थान सँग कुनै सम्बन्ध राख्दैन । यसले मतको फैलावट उम्मेदवारहरुमा

कसरी भएको छ भन्ने कुराको मात्र ख्याल राख्दछ । किनभने दल ख जम्मा स्थानको ३० प्रतिशत ल्याएर पनि एक स्थान प्राप्त गरेको छ भने दल ड ७ प्रतिशत मात्र ल्याएर पनि एक स्थान प्राप्त गरेको छ ।

गुणहरु (**Merits**):

१. स-साना दलहरुलाई पनि व्यवस्थापिकामा प्रतिनिधित्व प्राप्त हुन सक्दछ ।

२. दलभित्र पनि उम्मेदवार छनौटको सुविधा हुन्छ ।

३. यो प्रणाली बुझ्न र प्रयोग गर्न सजिलो छ ।

४. दलका उम्मेदवार बीच संगठीत हुने अवसर प्रदान गर्दछ ।

अवगुणहरु (**Demerits**)

१. अर्ध समानुपातिक प्रणालीको रुपमा विकसित भएको यो प्रणाली कहिले कहिले समानुपाति नहुन पनि सक्दछ ।

२. एउटै दलका एक भन्दा वेशी उम्मेदवारहरु एक मतका लागि प्रतिष्पर्धा गर्ने भएको हुँदा दलभित्र फुटको स्थिति देखा पर्न सक्दछ । जसले गर्दा निर्वाचनमा मतदाता किनबेचको खेल चल्न सक्दछ ।

३. मत व्यवस्थापन र उम्मेदवार छनौट बीच दलहरुले धेरै कसरत गर्नु पर्ने हुन्छ । किनभने धेरै उम्मेदवारहरु उठाउँदा पनि र थोरै उठाउँदा पनि दलहरुलाई हानी हुन सक्दछ ।

४. यो प्रणालीमा पनि धेरै मतहरु खेर जाने सम्भावना रहन्छ ।

(ख) मिश्रित प्रणाली (Mixed System) : मिश्रित प्रणालीलाई समानान्तर प्रणाली (Parallel System) पनि भनिन्छ । यो प्रणाली बहुलता प्रणाली अन्तर्गतको प्रथम हुने निर्वाचन प्रणाली (FPTP) र समानुपातिक प्रणालीको दलिय सूची प्रणालीको (PLPS) मिश्रित प्रणाली हो । यसमा पनि निर्वाचन क्षेत्र बहु सदस्यीय हुन्छ । प्रत्येक मतदातालाई दुईवटा मत दिइएको हुन्छ । एउटा मत बहुलता प्रणाली अन्तर्गतको एक जिल्ला एक सदस्यको प्रथम हुने निर्वाचन प्रणालीमा र अर्को दलिय सूची मतपत्रका लागि प्रयोग हुन्छ र स्थानको बाँडफाँड गर्दा प्रथम हुने निर्वाचन प्रणालीबाट प्राप्त गरेको स्थान र सूची प्रणालीबाट प्राप्त गरेको स्थान विच कुनै सम्बन्ध हुँदैन ।

अथवा दुवै प्रणाली स्वतन्त्र हुन्छन । उदाहरणको लागि नेपाली कांग्रेसले जिल्ला स्तरमा बहुलता प्रणालीको प्रथम हुने निर्वाचन प्रणालीबाट जम्मा १०० स्थान जित्यो र राष्ट्रिय स्तरको दलिय सूचीबाट जम्मा मतको ५० प्रतिशत प्राप्त गऱ्यो भने उसले कुल निर्वाचन क्षेत्रको ५० प्रतिशत + १०० स्थान प्राप्त गर्दछ । यदि नेपाललाई कुल ३५० निर्वाचन क्षेत्रमा विभाजन गर्ने हो भने र जिल्ला स्तरबाट ७५ स्थान र सूची समानुपातिक प्रणालीबाट २७५ स्थानको परिपूर्ति गर्नु पर्ने हो भने निम्न अनुसार मिश्रित वा समानान्तर प्रणाली लागू हुन्छ ।

समानान्तर निर्वाचन प्रणालीमा स्थानको निर्धारण

| दलहरु | जितेको जिल्लाको स्थान संख्या | दलिय सूची अनुसार राष्ट्रिय | दलिय सूची अनुसार पाएको स्थान | दलले प्राप्त गरेको जम्मा स्थान |
|---|---|---|---|---|
| क | ३० | २५ | ६८ | ९८ |
| ख | १५ | २० | ५५ | ७० |
| ग | ५ | १० | २८ | ३३ |
| घ | १० | २० | ५५ | ६५ |
| ङ | ५ | १० | २८ | ३३ |
| च | ५ | १० | २८ | ३३ |
| छ | ५ | ५ | १३ | १८ |
| जम्मा | ७५ | १०० | २७५ | ३५० |

यो प्रणाली अहिले विश्वका २१ मुलुकहरुमा प्रयोग भई रहेको छ । यो प्रणाली लागु गर्ने राष्ट्रहरुमा एण्डोरा, अरमेनिया, अजरवैजान, जर्जिया, ग्वीनी, जापान, काजकिस्तान, दक्षिण कोरिया, लिथुवनियाँ, मोनाको, पाकिस्तान, फिलिपिन्स, रशिया, सिनेगल, सिचेलेस, ताइवान, ताजकिस्तान, थाइल्याण्ड, टिमोर, ट्युनिसिया र युक्रेन पर्दछन् । समानुपातिक प्रणालीबाट निर्वाचन हुने स्थानको

संख्या र बहुलता प्रणालीको प्रथम हुने निर्वाचन प्रणालीबाट (FPTP) निर्वाचन हुने स्थानको संख्या भने मुलुकै पिच्छे फरक फरक रहेको पाइन्छ । एण्डोरा, युक्रेन, रशिया र लिथुवनियाँमा मात्र ५०:५० को अनुपात रहेको पाइन्छ भने दक्षिण कोरियाको २९९ स्थान मध्ये ८१ प्रतिशत प्रथम हुने निर्वाचन प्रणालीबाट सम्पन्न गरिन्छ भने १९ प्रतिशत समानुपातिक प्रणालीबाट परिपूर्ति गरिन्छ । यसको विपरीत टिमोरको ८८ स्थान मध्ये ८५ प्रतिशत समानुपातिक प्रणालीबाट र १५ प्रतिशत बहुलता प्रणालीबाट सम्पन्न गरिन्छ । जापानमा FPTP र PR को अनुपात ६२.५ : ३७.५ रहेको पाइन्छ । यद्यपी धेरै मुलुकहरुमा यसको अनुपातलाई मिलाउने प्रयास गरिएको पाइन्छ ( IDEA Handbook) ।

गुणहरु (**Merits**) :

१. यसमा एक मतदातालाई २ वटा मत प्रयोग गर्ने सुविधा उपलब्ध छ ।

२. साना अल्पसंख्यक दलहरुले पनि स्थान प्राप्त गर्न सक्दछन् ।

३. यस प्रणालीमा मतहरु कम मात्रामा खेर जान्छन् ।

४. शुद्ध दलिय सूची समानुपातिक प्रणालीमा जस्तो दल खण्डित हुने सम्भावना कम रहन्छ ।

५. अल्पसंख्यक जाति, जनजाति, दलित, धार्मिक, समुह आदिको समावेशी हुन्छ ।

अवगुणहरु (**Demerits**)

१. यो जटिल प्रणाली हो । मतदातालाई मत दिँदा कठिनाई हुन सक्छ ।

२. यो प्रणालीबाट प्रतिनिधिहरुको दुई वर्ग देखा पर्दछ ।

३. उप निर्वाचनको पनि सम्भावना रहन सक्छ ।

४. यो समानुपातिक प्रणाली भए तापनि यसले समानुपातिकताको कुनौ ग्यारेन्टी गर्न सक्दैन ।

विश्वभरिका व्यवस्थापिकाहरुमा प्रचलनमा रहेको निर्वाचन प्रणालीहरुको विवरण

| निर्वाचन प्रणाली | आफ्रिका | अमेरिका | एशिया | पूर्वी युरोप | पश्चिमी युरोप | ओसेनिया | मध्य पूर्व | जम्मा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम हुने निर्वाचन प्रणाली | १५ | १७ | ५ | ० | १ | ७ | २ | ४७ |
| ब्लकमत प्रणाली | १ | ३ | २ | ० | ३ | २ | ४ | १५ |
| दलिय ब्लकमत प्रणाली | ३ | ० | १ | ० | ० | ० | ० | ४ |
| वैकल्पिक मत प्रणाली | ० | ० | ० | ० | ० | ३ | ० | ३ |
| दुई मत पत्र प्रणाली | ८ | ३ | ६ | १ | १ | १ | २ | २२ |
| दलीय सूची स.प्र. | १६ | १९ | ३ | १३ | १५ | ० | ४ | ७० |
| एकल संक्रमणीय | ० | ० | ० | ० | २ | ० | ० | २ |
| मिश्रित सदस्यीय | १ | ३ | ० | २ | २ | १ | ० | ९ |
| समानान्तर | ४ | ० | ८ | ७ | १ | १ | ० | २१ |
| एकल असंक्रमणीय | ० | ० | १ | ० | ० | २ | १ | ४ |
| जम्मा | ४८ | ४५ | २६ | २३ | २५ | १७ | १३ | १९७ |




नोट : सन् २००४ सम्म लागु भएका प्रणाली मात्र उल्लेख गरिएको छ। यसमा दुई सदनात्मक व्यवस्थापिका भएको मुलुकमा प्रतिनिधि सभाका लागि लागु गरिएका प्रणालीहरु मात्र समावेश गरिएको छ।

स्रोत : *IDEA Handbook*

माथिको तथ्यांकले देखाए अनुसार दलिय सूची समानुपातिक प्रणाली सबैभन्दा लोकप्रिय देखिएको छ। जस अनुसार १९७ मुलुकहरु मध्ये ७० वटा मुलुकहरुमा दलिय सूची समानुपातिक प्रणालीको प्रयोग भएको पाइन्छ । जुन प्रयोगको हिसाबले ३५.६ प्रतिशत रहेको पाइन्छ । त्यस्तै २३.९ प्रतिशत मुलुकहरुले प्रथम हुने निर्वाचन प्रणालीको प्रयोग गरेको पाइन्छ। भने दुई मतपत्र प्रणाली २२ वटा मुलुकहरुमा र समानान्तर निर्वाचन प्रणाली २१ वटा मुलुकहरुमा प्रचलनमा रहेको पाइन्छ। त्यस्तै १५ वटा मुलुकहले ब्लकमत प्रणालीको प्रयोग गरेको पाइन्छ।

निर्वाचन प्रणालीको छनौट :

कुनै पनि प्रजातान्त्रिक मुलुकको लागि निर्वाचन प्रणालीको छनौट एक महत्वपूर्ण संस्थागत निर्णयहरु मध्ये एक पर्दछ। निर्वाचन प्रणालीले कुनै पनि मुलुकको राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक जीवनलाई प्रत्यक्ष असर गर्ने भएकोले अन्ततोगत्वा मुलुकको भविष्यलाई नै यसले निर्धारण गर्ने गर्दछ । त्यसकारण कुनैपनि निर्वाचन प्रणालीको निर्धारण गर्दा मुलुकको भौगोलिक बनावट, जात जातिको समिश्रणको स्थिति र भविष्यमा देखा पर्ने सम्भावित परिणामहरुलाई विचार विश्लेषण गरी अवलम्बन गर्नु पर्ने देखिन्छ।

निर्वाचन प्रणालीको छनौट गर्ने काम कुनै एक प्राविधिक विशेषज्ञको होइन जसले यही निर्वाचन भनी किटान गर्न सकोस् । यो त एक विशुद्ध राजनीतिक मुद्दा हो । यदि कुनै पनि विषय राजनीतिक विषय वस्तु हुन्छ भने त्यसले समग्र मुलुक र नागरिकहरुको चाहना र आकांक्षाको बोध गर्न सक्नु पर्दछ । तर यदि निहित स्वार्थको राजनीतिले मात्र निर्वाचन प्रणालीको छनौट गर्ने हो भने त्यसको दिर्घकालिन असर राष्ट्र, दलहरु र आम नागरिकहरुले बेहोर्नु पर्ने हुन्छ । त्यसैले निर्वाचन प्रणालीलाई कहिल्यै पनि स्वतन्त्र रुपमा हेरिनु हुँदैन । समग्रमा भन्ने हो भने एउटा सफल निर्वाचन प्रणालीको ढाँचा समग्रतामा रहेका राजनीतिक संस्थाहरुको रुपरेखा बाट निर्धारित हुनु पर्दछ र यसले ती सबै संस्थाहरुको व्यवस्थापिकामा स्थान निर्धारण गर्न सक्ने हुनु पर्दछ जसले विविधताको समाजमा समानुपातिकतालाई अभिबृद्धि गर्न सकोस्, वर्गीय, जातिय, पेशागत, भाषा भाषिक, भौगोलिकता अनुसारको प्रतिनिधित्वलाई स्थापित गर्नुका साथसाथै राष्ट्रिय राजनीतिक दलहरुको चेतनालाई खुल्ला पार्न सक्ने हुनु पर्दछ ।

नेपालमा लागू गरिएको निर्वाचन प्रणाली :

पहिलो जन आन्दोलन २०४६ को समाप्ति पछि बनेको संविधानले नेपालमा प्रतिनिधि सभाको निर्वाचनका लागि बहुलता प्रणाली अन्तर्गतको प्रथम हुने निर्वाचन प्रणाली (FPTP) र राष्ट्रिय सभाको लागि एकल संक्रमणीय मतदान प्रणाली (STV) को अंगिकार गऱ्यो । यसरी निर्वाचन प्रणालीको निर्धारण गर्दा त्यतिबेला न जनमत लिइएको थियो नत पर्याप्त यस सम्बन्धि अध्ययन अनुसन्धान नै भएको थियो । झन हाम्रो जस्तो भर्खरै जन्मिएको नवजात प्रजातन्त्रमा त मतदाताहरुलाई निर्वाचन प्रणालीहरुको बारेमा यथेष्ट जानकारी दिई उनीहरुकै राय अनुसारको प्रणाली लागु गर्नु पर्नेमा हठात रुपमा निर्वाचन प्रणालीको पर्याय भनेकै प्रथम हुने निर्वाचन प्रणाली (FPTP) हो जस्तै बुझेर यसको प्रयोग गरियो । परिणाम स्वरुप ठूला दलहरुले जसरी जुन अवस्थामा पनि निर्वाचन जित्नै पर्ने र साना दलहरुले आफ्नो अस्तित्व बचाउन पनि धौधौ पर्ने स्थितिको सृजना हुन पुग्यो । हाम्रो जस्तो जातिय समिश्रणको मुलुक जहाँ कुनै पनि जातजातिको स्पष्ट बाहुल्यता छैन यस्तो अवस्थामा त निर्वाचन प्रणालीको झनै ठूलो महत्व रहन्छ । अव नेपालमा भएको जात जातिको समिश्रणको अवस्थालाई हेरौं ।

| जात/जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| बाहुन क्षेत्री | ७१५०१९१ | ३१.४५ |
| जनजाति | ७४३१७७१ | ३२.६९ |
| मधेसी | ३१०९४६० | १३.६७ |
| नेवार | १२४५२३२ | ५.४८ |
| दलित | २८२९२२४ | १२.४४ |
| मुसलमान | ९७१०५६ | ४.२७ |
| जम्मा | २२७३६९३४ | १०० |

स्रोत : पपुलेसन मोनोग्राफ अफ नेपाल खण्ड १

नेपालमा जात जातिको जनसंख्याको वनावटलाई हेर्ने हो भने सबैभन्दा वेशी जनजातिको रहेको पाइन्छ भने त्यसपछि मात्र बाहुन क्षेत्रीको रहेको पाइन्छ । अरु जात जातिहरुको पनि उपस्थिति उत्तिकै देखिन्छ । अब यी जातीहरुको दल अनुसार प्रतिनिधि सभा २०५६ मा उपस्थिति हेरौं ।

| जातजाति | नेका | | नेकपा एमाले | | राप्रपा | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| बाहुन क्षेत्री | ७३ | ६६.४ | ४७ | ६५.३ | ५ | ४५.४ | ७ | ५८.३ | १३२ | ६४.४ |
| जनजाति | ११ | १० | १३ | १८.१ | १ | ९.१ | ० | ० | २५ | १२.२ |
| मधेसी | २० | १८.२ | ८ | ११.१ | ३ | २७.३ | ४ | ३३.३ | ३५ | १७.१ |
| नेवार | ६ | ५.४ | ४ | ५.५ | २ | १८.२ | १ | ८.३ | १३ | ६.३ |
| दलित | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ११० | १०० | ७२ | १०० | ११ | १०० | १२ | १०० | २०५ | १०० |

स्रोत : द्वन्द रुपान्तरण र शान्ति स्थापनार्थ छलफल सामाग्रिको संगालो, पेज नं. ८२ ।

माथिको तालिकालाई हेर्दा प्रतिनिध सभाको अधिकांश स्थानमा बाहुन क्षेत्रीकै बाहुल्यता पाइन्छ । जात जाति अनुसारको वनावटको छनक पनि पाइदैन । ६४.४ प्रतिशत स्थानमा बाहुन क्षेत्रीको वर्चस्व पाइन्छ जहाँ दलित वर्गको कुनै पनि स्थान देखिदैन । यदि जनसंख्याको वितरण र कुल निर्वाचन स्थानको अनुपात मिलाउने हो भने बाहुन क्षेत्रीको प्रतिनिधि सभामा ६४ स्थान, जात जातिको ६८ स्थान, मधेसीको २८ स्थान, नेवारको २१ स्थान र दलितको २६ स्थानमा प्रतिनिधित्व हुनु पर्ने हो । के जन साधारणले चाहेको प्रजातन्त्र यो नै थियो ? जहाँ समाजका उपल्लो जातको मात्र हालिमुहाली चलोस । यसको प्रमुख दोस निर्वाचन प्रणाली को मात्रै होइन । कुनै पनि निर्वाचन प्रणाली सफल र असफल भन्ने कुराको निर्धारण यो सँग गाँसिएका अन्य अवयवहरु जस्तै दलभित्रको प्रजातान्त्रिकरणको अवस्था, परम्परावादी सोचाईको वर्चश्व आदिसँग जमेर बसेको हुन्छ । उदाहरणको लागि नेपाली कांग्रेसको केन्द्रिय समितिमा बाहुन क्षेत्रीको संख्या सम्पूर्ण सदस्य सख्याको ७७ प्रतिशत, जनजातिको १० प्रतिशत, मधेसीको १० प्रतिशत, त्यस्तै नेवारको ३ प्रतिशत रहेको छ । जहाँ दलित समुदायको कुनै उपस्थिति देखिदैन । त्यस्तै नेकपा एमालेको केन्द्रीय कमिटिमा बाहुन क्षेत्रीको स्थान सम्पूर्ण सदस्य संख्याको ७४ प्रतिशत, जनजातिको १२ प्रतिशत, मधेसीको ५ प्रतिशत, नेवारको ८ प्रतिशत र दलित समुदायको १ प्रतिशत रहेको पाइन्छ (सेलर्ड, २०६२) । यस्तो अवस्थामा कुनै पनि उपेक्षित उत्पिडित जन समुदायको व्यवस्थापिकामा उसको प्रतिनिधित्वको कल्पना कसरी गर्न सकिन्छ त्यसकारण समाजका सबै वर्ग र सम्प्रदायको प्रतिनिधित्वको प्रश्न केवल निर्वाचन प्रणालीसँग मात्र नजोडिएर सम्पूर्ण राज्य प्रणालीसँग जोडिएको छ ।

राजनीतिक दलहरुको कुरा गर्ने हो भने पनि २०४८ सालमा ४४ वटा राजनीतिक दलहरु मध्ये २० वटा दलहरु निर्वाचनको प्रतिस्पर्धामा थिए त्यस्तै २०५१ सालमा ६५ वटा मध्ये २४ वटा दलहरु निर्वाचनको प्रतिस्पर्धामा थिए भने २०५६ सालमा १०० वटा राजनीतिक दलहरु मध्ये ३९ वटा दलहरु निर्वाचनको प्रतिस्पर्धामा थिए । तर यी तीनवटै निर्वाचनमा राष्ट्रिय दलको मान्यता केवल ७/८ वटा दलले मात्र प्राप्त गर्न सके भने २०५६ सालमा ७ वटा राजनीतिक दलले मात्र व्यवस्थापिकामा स्थान पाउन सकेका थिए (निर्वाचन आयोग) ।

अव आम निर्वाचन २०५६ मा दलहरुको प्रतिनिधि सभामा उनीहरुको उपस्थिति लाई हेरौं ।

| दल | निर्वाचन, २०५६ | | |
|---|---|---|---|
| | प्राप्त स्थान | प्राप्त स्थानको प्रतिशत | मतको प्रतिशत |
| नेपाली कांग्रेस | ११३ | ५५.१२ | ३६.१४ |
| नेकपा एमाले | ६८ | ३३.१७ | ३०.७४ |
| नेसपा | ५ | २.४४ | ३.१३ |
| राप्रपा | १२ | ५.८५ | १०.१४ |
| राप्रपा (चन्द) | ० | ० | ३.३३ |
| नेमकिपा | १ | ०.४९ | ०.५५ |
| सजमो नेपाल | १ | ०.४९ | ०.८४ |
| नेकपा माले | ० | ० | ६.३८ |
| राष्ट्रिय जनमोर्चा | ५ | २.४४ | १.३७ |
| स्वतन्त्र | ० | ० | २.८३ |

स्रोत : निर्वाचन आयोग, काठमाडौं ।

माथिको तालिकालाई हेर्दा ठूला दलहरु नेपाली कांग्रेस र नेकपा एमालेले आफुले पाएको मतको प्रतिशत भन्दा वेशी स्थान प्राप्त गरेका छन् भने अर्कोतर्फ नेसपा र राप्रपाले प्राप्त गरेको मतको प्रतिशत भन्दा कम स्थान प्राप्त गरेका छन् । अझ आश्चर्य कुरा त नेकपा मालेले कुल मतको ६.३८ प्रतिशत मत प्राप्त गरेर पनि संसदमा आफ्नो प्रतिनिधित्व जनाउन सकेन त्यस्तै राप्रपा ( चन्द) ले पनि व्यवस्थापिकामा प्रतिनिधित्व जनाउन सकेन । समानुपातिकताको कुरा गर्ने हो भने नेपाली कांग्रेसले प्राप्त मतको आधारमा ७४ स्थान पाउनुपर्ने हो त्यस्तै नेकपा एमालेले ६३ स्थान, नेसपाले ६ स्थान, राप्रपा ले २१ स्थान, राप्रपा (चन्द) ले ७ स्थान, नेकपा माले ले १३ स्थान र रा. ज.मोर्चाले ३ स्थान प्राप्त गर्नु पर्ने हो ।

यो प्रणालीले ठूला दललाई भएको भन्दा ठूला र साना दललाई भएको भन्दा सानाको रुपमा स्थापित गऱ्यो भने जात जाति, दलित, अल्पसंख्यक, महिला आदिको प्रतिनिधित्वलाई व्यवस्थित गर्न सकेन । महिलाहरुको प्रतिनिधित्वको कुरा गर्ने हो भने २०४८, २०५१ र २०५६ को निर्वाचनमा क्रमश ७, ७ र १२ जना मात्रको उपस्थिति थियो (निर्वाचन आयोग) । परिणामस्वरुप आम जनाताको संविधानप्रति असन्तुष्टि रह्यो र उनीहरुले विभिन्न माध्यमबाट यसप्रति आक्रोस व्यक्त गरे । त्यसकौ बाबाजुद आज हामी अहिलेको परिस्थितिसम्म आइपुगेका छौं । यदि अव संसदबाट पारित हुने अन्तरिम संविधानले यी सबै विषय वस्तुहरुको विश्लेषण नगरी सम्पूर्ण तप्काका जनसमुदायको उचित प्रतिनिधित्व हुन नसक्ने निर्वाचन प्रणालीको अवलम्बन फेरि पनि गऱ्यो भने जनताको वलिदानको कुनै पनि अर्थ रहने छैन ।

नेपालको सन्दर्भमा निर्वाचन प्रणाली :

नेपालको सन्दर्भमा कुन निर्वाचन प्रणाली सान्दर्भिक हुन्छ भन्ने कुराको निर्धारण हामीले कस्तो प्रकारको राजनीतिक संरचनाको चाहना गरेका हौं, प्रतिनिधि सभाको संरचनालाई कसरी हेरिएको छ, संसदमा विपक्षी दलको भूमिका कस्तो किसिमको खोजिएको हो आदि जस्ता थुप्रै कुराहरुले निर्धारण गर्ने गर्दछ । यदि हामीले समावेशी राजनीतिक संरचनाको चहाना गरेका हौं, संसदमा विपक्षीको भूमिकालाई दिशा निर्देशकको रुपमा लिइएको हो भने विगतका तीन निर्वाचनहरुमा लागु गरिएको प्रथम हुने निर्वाचन प्रणाली (FPTP) ले कदापि पनि पुरा गर्न सक्दैन । यदि सच्चा प्रजातन्त्रलाई स्थापित गर्न खोजिएको हो भने सबै पक्षको प्रतिनिधित्वलाई व्यवस्थापिकामा समानुपातिक ढंगले स्थापित गर्न सक्नु पर्दछ र यस्तो प्रकारको समावेशीलाई उचित रुपमा दलिय सूची समानुपातिक प्रणालीले व्यवस्थित गर्न सक्दछ र यो प्रणाली नै सबैभन्दा समावेशी र प्रजातान्त्रिक देखिन्छ ।

दलिय सूची प्रणालीका पनि आफ्नै विशेषताहरु छन् । यसबाट चुनिएका प्रतिनिधिहरु विभिन्न वर्ग, सम्प्रदाय, जात जाति, आदिबाट आउने भएकाले कहिले कहिले कुनै कुराको टुंगोमा पुग्न अत्यन्तै गाह्रो हुन सक्छ । तर यदि हाम्रो चाहना समग्र वर्ग, जातजाति अनि सबै सम्प्रदायको हितको हो भने यस्ता साना मसिना कुराहरुको कुनै तुक रहने देखिदैन । तर यदि दलिय सूची अन्तर्गतको बन्द दलीय सूची प्रणालीको अवलम्बन गर्ने हो भने यस अन्तर्गतको Largest Reminder प्रणालीको

प्रयोग समानुपातिक हुने देखिन्छ (हेर्नुहोस समानुपातिक प्रणाली अन्तर्गत दलिय सूची समानुपातिक प्रणाली) ।

निष्कर्ष :

प्रतिनिधि मुलक प्रजातन्त्रमा निर्वाचन प्रणालीको अत्यन्तै ठुलो महत्व रहेतापनि यसले कुनै पनि राजनीतिक रोगको निदान भने गर्न सक्दैन । किनभने यो सँग जोडिएका अरु सर्तहरु पुरा गरिएनन् भने उत्तम भन्दा उत्तम प्रणालीहरु पनि असफल हुन सक्दछन् । निर्वाचन प्रणाली राजनीतिक प्रतिस्पर्धाको प्रकृतिलाई बदल्न भने सबैभन्दा ठूलो औजार सावित हुन सक्दछ । जस्तै इटालीमा १८ मार्च १९९३ मा भएको जनमत संग्रहमा जनताले समानुपातिक प्रणालीलाई परित्याग गर्न मतदान गरे जसबाट द्धितिय विश्वयुद्ध यता ५१ वटा सरकार गठन भईसकेका थिए । त्यस्तै १८ सेप्टेम्बर १९९२ मा न्यूजिल्याण्डमा गरिएको जनमत संग्रहमा ८५ प्रतिशत मतदाताहरुले समानुपातिक प्रणाली अपनाउनु पर्ने तर्फ मतदान गरे (IDEA Handbook) । यसबाट के देखिन्छ भने निर्वाचन प्रणाली आफैमा पुरा हुने वस्तु होइन सबैभन्दा ठूलो कुरा त राजनीतिक सँस्कार हो । राजनीतिक दलहरुमा पुरातनवादी सँस्कार जवसम्म हावी रहिरहन्छ कुनै पनि निर्वाचन प्रणाली सफल हुन सक्ने देखिदैन ।

Email: nsangroula@gmail.com

सन्दर्भहरु :


- संग्रौला, युवराज, संविधानसभा, काठमाडौं स्कल अफ ल, काठमाडौं, २०६३ ।
- पोखरेल, कृष्ण, आधुनिक राजनीतिक सिद्धान्त, एम.के. पब्लिशर्स एण्ड डिष्ट्रव्युटर्स, काठमाडौं २०५९ ।
- मिश्र, प्रा. डा. वीरेन्द्र प्रसाद, प्रजातन्त्र, निर्वाचन प्रणाली र प्रतिनिधित्व, नेपाल दक्षिण एशिया केन्द्र, काठमाडौं, २०६० ।
- सेलर्ड, द्वन्द रुपान्तरण र शान्ति स्थापनार्थ छलफल सामाग्रीको संगालो, काठमाडौं, २०६२ ।
- J.J.O'connor and E.F. Robertson, ***The History of Voting***, The Act tutor Mathematics Archive, Retrieved on Decemeber 31, 2006.
- Hanna Fenichel Pitkin, ***The Concept of Representation***, University of California Press, 1967.
- Thomas T. Mackie and Richard Rose, ***The International Almanac of Electoral History***, 3rd edition, Macmillan, Londan, 1991.
- Dick Leonard and Richard Natkiel, ***World Atlas of Elections: Voting Patterns in 39 Democracies***, The economist Publication, London, 1986.
- New Zealand, Electoral Referendum Panel, ***The Guide to the Electoral Referendum***, Wellington, 1992.
- Enid Lakeman, ***How Democracies Vote: A study of Electoral System***, Faber and Faber, London, 1974.
- The International IDEA Handbook. ***Electoral System design***, Retrieved on December 31, 2006.
- CBS, ***Pophlation Monograph of Nepal (Vol. 1)***, Kathmandu, 2003.